READ Nepal
Inspiring Rural Prosperity

वर्ष २० । अंक १

सामुदायिक

# सचेतना

माघ २०७९ FEBRUARY 2023



'नेपालीले सक्छौं' भाग-२ अभियान

# गोरखाको ताकुकोटमा बन्यो सामुदायिक पुस्तकालय

■ पुस्तकालय: समाज रुपान्तरणमा कोसेढुंगा ■ सामुदायिक पुस्तकालय: आवश्यकता, महत्त्व र चुनौती
■ मोती सामुदायिक पुस्तकालय: समुदायमा प्रभाव ■ पढ्ने बानी बसाल्न गाउँमै सार्वजनिक पुस्तकालय

# READ'S APPROACH DEVELOPS COMMUNITY CAPACITY




## रिड नेपालको कार्यपद्धतिले समुदायको क्षमता अभिवृद्धि गर्दछ

Community Capacities

| Sense of Community | Shared Commitment | Ability to Solve Problems | Access to Resources |
| --- | --- | --- | --- |
| सामुदायिक भावना | सामूहिक प्रतिबद्धता | समुदायको समस्या समाधान गर्ने क्षमता | अवसर र स्रोतमा पहुँच अभिवृद्धि |

## रिड तथा समुदायका मान्यताहरू:

| We bilieve in human potential | We have faith in community action | Compasion and respect are at our core | Inclusivity is at the essence of our approach | Equity driven thinking is key |
| --- | --- | --- | --- | --- |
| हामी मानिसहरूको क्षमतामा विश्वास गर्छौं। | हामी समुदायको कार्यमा विश्वास गर्छौं। | सहानुभूति र सम्मान हाम्रो सार हो। | समावेशिता हाम्रो काम गर्ने पद्धतिमा पर्दछ। | समतामूलक सोच हाम्रो प्रमुख प्राथमिकता हो। |

READ Nepal
Inspiring Rural Prosperity

सामुदायिक
# सचेतना

वर्ष २०, अंक ९, माघ २०७९ FEBRUARY 2023

## किशोरी लक्षित ट्याग परियोजनाले ल्याएको परिवर्तन



८

ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालको सहयोगमा संचालित सामुदायिक पुस्तकालयहरूमा शुरू गरिएको टेक एज ग्र्ल्स (ट्याग) परियोजनाले समुदायमा सकारात्मक परिवर्तन ल्याएको छ ।



६

'नेपालीले सक्छौं' भाग–२ अभियान:

## गोरखाको ताकुकोटमा बन्यो सामुदायिक पुस्तकालय



१०

## शान्ति भोलेन्टियर्स एसोसिएसनको सहयोगमा चारवटा पुस्तकालयले पाए पुनर्जीवन

शान्ति भोलेन्टियर्स एसोसिएसन (एसभीए) नेपालको आर्थिक सहयोगमा चारवटा सामुदायिक पुस्तकालयले पुनर्जीवन पाएका छन् ।


| | |
|---|---|
| सामुदायिक पुस्तकालय संघको नयाँ कार्य समिति चयन | ५ |
| पुस्तकालय: समाज रुपान्तरणमा कोसेढुंगा | १२ |
| सिन्धुपाल्चोकको गिरानचौरः विनाशपछिको विकास | १४ |
| सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार सम्बन्धी सूचनाको साथी दियो परियोजना | १५ |
| समुदायमा पुस्तकालयको प्रभाव | १६ |
| पुस्तकालय परिचयः दीपशिखा सामुदायिक पुस्तकालय, कास्की | १८ |
| इँटा उद्योगका मजदूरका दुःखको समाधान खोज्दै सामुदायिक पुस्तकालय | २१ |
| पढ्ने बानी बसाल्न गाउँमै सार्वजनिक पुस्तकालय | २३ |
| सामुदायिक पुस्तकालय आवश्यकता, महत्त्व र चुनौती | २५ |
| सामुदायिक पुस्तकालयमा अपांगता समावेशी विपद् जोखिम न्यूनीकरण प्रवर्धन कार्यक्रम | २९ |

READ Nepal
Inspiring Rural Prosperity




READ Nepal
Inspiring Rural Prosperity

**कार्यकारी बोर्ड**

| | |
|---|---|
| अध्यक्ष | भोलाकुमार श्रेष्ठ |
| उपाध्यक्ष | शेरबहादुर परियार |
| कोषाध्यक्ष | मुरारी विनोद पोखरेल |
| सचिव | गीता थापा |
| सदस्य | सुशील मैनाली |
| सदस्य | इरा श्रेष्ठ |
| सदस्य | रम्भा थापा |

**सल्लाहकार बोर्ड सदस्य**

रवीन्द्र पुरी
मनोहर भट्टराई
वासुदेव ढुंगाना
राजेन्द्र पौडेल
सञ्जना श्रेष्ठ

**सम्पादक**

रामजी दाहाल

**प्रकाशक**

रिड नेपाल
सानो गौचरण मार्ग, ज्ञानेश्वर
पोष्ट बक्स: ११९९५, काठमाडौं
फोन: ०१-४४२३१४१
इमेल: info@readnepal.org
वेभ: www.readglobal.org
www.facebppk.com/readnepal

## सम्पादकीय

# पुस्तकालयलाई प्राथमिकतामा राख

**पुस्तकालय** भनेको सार्वजनिक ठाउँ हो । यस्तो सार्वजनिक ठाउँमा सामाजिक घुलमिल हुन्छ । मानिसहरू भेला भएर आफूलाई मन परेको पुस्तक पढ्न पाउँछन् । आपसमा ज्ञान र विचार साटासाट गर्छन् । यति मात्र होइन, सार्वजनिक मुद्दाको बहस अनि किताबसँगै विचारको आदानप्रदान समेत हुन्छ । यसरी पुस्तकालयले हरेक व्यक्तिमा विचारको दायरा पनि फराकिलो बनाउँदै लैजान्छ । जसले अन्ततः सामाजिक विकासमा मद्दत पुर्‍याउँछ ।

सर्वसाधारण मात्र होइन, नीतिनिर्माता र राजनीतिक नेतृत्व तहबाट पनि समाजको विकास भएन भनेर चिन्ता प्रकट गर्ने गरेको पाइन्छ । विकास हुन नसक्नुको मूल कारण खोजी गर्नुभन्दा पनि अर्कोमाथि दोष थोपर्ने नेपालीको बानी नै भएको छ । अर्थात् समस्या औंल्याउने बानी परेका हामी समाधानको उपाय बताइदिन सक्दैनौं । त्यसका लागि पर्याप्त बौद्धिक मन्थन हुनुपर्छ । वास्तवमा बौद्धिक मन्थन गर्ने उपयुक्त थलो भनेकै पुस्तकालय हो । यति धेरै महत्व भएको पुस्तकालयलाई सरकारले प्राथमिकतामा राखेको छैन । केन्द्रदेखि प्रदेश र स्थानीय सरकारले पुस्तकालयको विकास र विस्तारमा उत्तिकै बेवास्ता गरेका छन् । पुस्तकालयको विकासका सन्दर्भमा बजेट भाषण मौन छ । तर शिक्षा मन्त्रालयले आर्थिक वर्ष २०७०/७१ देखि पुस्तकालय शीर्षकमा अनुदानको 'टोकन' उपलब्ध गराउँदै आएको छ । पछिल्लो समय प्रदेश सरकार केही उदार देखिएका छन् ।

त्यसो त स्थानीय सरकार संचालन ऐन २०७४ मा पुस्तकालय र वाचनालय व्यवस्थापन सम्बन्धमा केही कुरा उल्लेख गरिएको पनि छ । यसका साथै पछिल्लो समय एक स्थानीय तह, एक नमूना पुस्तकालयको अवधारणा पनि अघि बढेको छ । स्थानीय सरकार संचालनमा आएको पाँच वर्ष पूरा भएको छ । तर कुनै पनि स्थानीय निकायले पुस्तकालयका लागि बजेट छुट्याएर काम अघि बढाएको सार्वजनिक जानकारीमा आएको छैन । कम्तीमा ७५३ वटै पालिकाले कुल बजेटको सानो अंश मात्र भए पनि पुस्तकालयलाई छुट्याउने नीतिगत व्यवस्था भएमा नेपाली समाज रूपान्तरणमा कोसेढुंगा सावित हुनेछ । नयाँ आर्थिक वर्षका लागि बजेटको खाका कोर्दै गर्दा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले यसतर्फ विचार पुर्‍याउने छन् भन्ने हाम्रो अपेक्षा छ ।

सामाजिक रूपमा घुलमिल हुने र विभिन्न मुद्दाको बहस गर्ने थलो पुस्तकालयमा ७५३ वटै पालिकाले कुल बजेटको सानो अंश मात्र छुट्याउने नीतिगत व्यवस्था भएमा नेपाली समाज रूपान्तरणमा कोसेढुंगा सावित हुनेछ । ■

# सामुदायिक पुस्तकालय संघको नयाँ कार्य समिति चयन




सामुदायिक पुस्तकालयको छाता संगठन नेपाल सामुदायिक पुस्तकालय संघको अध्यक्षमा सन्तोष रावत निर्वाचित भएका छन् ।

गत भदौ २२ गते चितवनको सौराहामा सम्पन्न संघको १३औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनबाट आगामी तीन वर्षका लागि म्याग्दी सामुदायिक पुस्तकालयका रावतको अध्यक्षतामा नयाँ कार्य समिति निर्विरोध चयन गरिएको हो ।

संघको महासचिवमा मातृभूमि सामुदायिक पुस्तकालय, स्याङ्जा बिर्घाका राजेन्द्रप्रसाद पाण्डेय, वरिष्ठ उपाध्यक्षमा संगम सामुदायिक पुस्तकालय, उदयपुरका भरत खड्का चयन भएका छन् ।

यसैगरी उपाध्यक्षमा प्रदेश-१ बाट भीमकुमारी रावत, मधेश प्रदेशबाट भरत गिरी, बागमती प्रदेशबाट सुजाता विष्ट, गण्डकी प्रदेशबाट लीला भण्डारी, लुम्बिनी प्रदेशबाट चेतकान्त भट्टराई, सुदूरपश्चिमबाट ज्ञानुराज विनाडी चयन भएका छन् ।

संघको सचिवमा रामेश्वर सामुदायिक पुस्तकालय, चितवनका बालकृष्ण थपलिया, कोषाध्यक्षमा टरौली सामुदायिक पुस्तकालय चितवनका सागर मिश्र चयन भएका छन् भने सदस्यहरूमा लवहरि दाहाल, खड्गनारायण चौधरी, गंगा ढकाल, माधव भण्डारी, गोविन्द शर्मा, प्रतीक्षा चौधरी, पुष्पराज जोशी चयन भएका छन् । देशभरका ५० भन्दा बढी सामुदायिक पुस्तकालयको सहभागिता रहेको अधिवेशन उद्घाटन कार्यक्रममा रत्ननगर नगरपालिकाका प्रमुख प्रल्हाद सापकोटा, संघका संस्थापक अध्यक्ष वासु ढुंगाना, रिड नेपालका अध्यक्ष भोलाकुमार श्रेष्ठ, शिक्षा मन्त्रालयका उपसचिव यादवचन्द्र निरौला, संघका संस्थापक महासचिव भोलानाथ शर्मा, रिड नेपालका उपनिर्देशक चिनकाजी श्रेष्ठ, देउखुरी सामुदायिक पुस्तकालयकी अध्यक्ष उवा पाठक, प्रगतिनगर सामुदायिक पुस्तकालयका अध्यक्ष खिमानन्द भूषाल, रत्ननगरका शिक्षा अधिकारी बद्रीनारायण शर्मालगायतले मन्तव्य राखेका थिए ।

संघका निवर्तमान अध्यक्ष केशवराज आचार्यले कोभिड महामारीका कारण आफ्नो नेतृत्वले सोचेजस्तो उपलब्धिमूलक काम गर्न नसकेको भन्दै नवनिर्वाचित कार्यसमितिले पुस्तकालयको विकास तथा विस्तारमा उल्लेख्य प्रगति गर्नेमा आफू विश्वस्त रहेको बताए । ■



ताकुकोट सामुदायिक पुस्तकालयको उद्घाटन गर्दै रिड ग्लोबलका संस्थापक अध्यक्ष डा. एन्टोनिया न्युवर र बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट ।

# 'नेपालीले सक्छौं' भाग-२ अभियान: गोरखाको

२०७२ को गोरखा भूकम्पबाट सबैभन्दा ठूलो नोक्सानी व्यहोरेको गोरखाको बारपाक सुलिकोट गाउँपालिका ताकुकोटमा निर्माण गरिएको ताकुकोट सामुदायिक पुस्तकालय संचालनमा आएको छ ।

रिड नेपालको अगुवाइमा 'नेपालीले सक्छौं' भाग-२ अभियानअन्तर्गत सामुदायिक पुस्तकालयप्रेमीले रकम संकलन गरेर निर्माण गरिएको ताकुकोट सामुदायिक पुस्तकालय २०७८ चैत १७ गतेदेखि संचालनमा आएको हो ।

रिड ग्लोबलका संस्थापक अध्यक्ष डा. एन्टोनिया न्युवर र बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णु भट्टले संयुक्त रूपमा पुस्तकालय भवनको उद्घाटन गरेका हुन् । उद्घाटनका अवसरमा स्थानीय सांस्कृतिक झाँकी प्रस्तुत गरिएको थियो ।

उद्घाटन समारोहमा रिड ग्लोबलका कार्यकारी निर्देशक संजना श्रेष्ठ, रिड नेपालका अध्यक्ष भोलाकुमार श्रेष्ठ, सल्लाहकार सदस्य, समितिका






# ताकुकोटमा बन्यो सामुदायिक पुस्तकालय

सदस्य, स्थानीय समुदायको उत्साहजनक सहभागिता रहेको थियो ।

पुस्तकालयमा पुस्तकालय कक्ष, बाल कक्ष, महिला कक्ष, युवा कक्ष, श्रव्यदृश्य कक्ष, सूचना संचार तथा प्रविधि कक्ष र तालिम हल छन् । पुस्तकालयको दिगोपनका लागि रिड नेपालको सहयोगमा बैंकमा रू.१२ लाख जम्मा गरिएको छ । पुस्तकालय निर्माणको लागि रिड नेपालले नेपालीबाट रू.५० लाख संकलन गरेको थियो भने कक्षगत स्रोत सामग्रीको लागि रू.४९ लाख ६३ हजार ८०० सहयोग गरेको थियो । यसैगरी, गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयबाट रू.१२ लाख, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट रू.१० लाख, बारपाक सुलिकोट गाउँपालिका, ताकुकोट सेवा समाज र स्थानीय समुदायबाट गरी रू.४५ लाख जुटाएर भवन निर्माण गरिएको हो ।



'नेपालीले सक्छौं' भाग-१ अन्तर्गत रिड नेपालको अग्रसरतामा २५०० नेपालीबाट अर्थ संकलन गरी काभ्रे जिल्लाको पनौतीमा २०७१ भदौ १५ गते ज्ञान विकास सामुदायिक पुस्तकालयको उद्घाटन गरिएको थियो । हाल उक्त पुस्तकालयले स्थानीय समुदायको लागि हरेक किसिमका सेवा प्रदान गर्दै आएको छ । ■

READ Nepal
Inspiring Rural Prosperity




# किशोरी लक्षित ट्याग परियोजनाले ल्याएको परिवर्तन

ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालको सहयोगमा संचालित सामुदायिक पुस्तकालयहरूमा शुरू गरिएको टेक एज गर्ल्स (ट्याग) परियोजनाले समुदायमा सकारात्मक परिवर्तन ल्याएको छ ।

सन् २०१९ देखि शुरू भएको ट्याग परियोजनाको मुख्य उद्देश्य, प्रविधि तथा नेतृत्व विकासमार्फत किशोरीहरूले आफ्नो भविष्य आफैंले छनोट गर्न सक्ने बनाउनु हो ।

१३-२२ वर्ष उमेर समूहका ५०० किशोरीको समूहबाट शुरू गरिएको थियो । त्यसका लागि एउटा पुस्तकालयबाट ५० जनाका दरले छनोट गरिएको थियो । यो कार्यक्रम शुरूमा ३ वर्ष सन् २०२१ सम्मका लागि भए पनि १ वर्षको लागि थप गरिएको थियो । यस परियोजनाले ९ देखि १२ कक्षाका किशोरीको प्राविधिक, नेतृत्व र जीवनोपयोगी सीपहरू र सामुदायिक संलग्नतामा महत्वपूर्ण योगदान गरेको छ ।

उनीहरूलाई पहिलो चरणमा आईसीटी र नेतृत्व विकास सम्बन्धी तीन महिने तालिम दिइएको थियो । त्यसमध्ये दोस्रो चरणमा हरेक सेन्टरबाट २७ जनाका दरले छानिएको थियो । छनोट गरिएका किशोरीहरूको सशक्तीकरणका लागि थप तालिम दिइएको थियो । जस अन्तर्गत समुदायका समस्या पहिचान गर्ने, समुदायका गतिविधिका बारेमा जानकारी राख्ने, समुदायसँग घुलमिल गर्ने तथा आईसीटी कार्यक्रम कसरी संचालन गर्ने भनेर सहभागीहरूलाई तालिम दिइयो ।

सबैभन्दा उत्प्रेरित र उच्च प्रदर्शन गर्ने २५ किशोरीहरूलाई थप नेतृत्व र क्षमता बढाउने उद्देश्यले चितवनमा आयोजना गरिएको पाँचदिने राष्ट्रिय सम्मेलनमा सहभागी गराइएको थियो । सम्मेलनमा नेतृत्व क्षमता विकासका बारेमा राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरका व्यक्तिहरूसँग अन्तरक्रिया गरिएको थियो । त्यसक्रममा उनीहरूलाई अवसर सिर्जना कसरी गर्ने, व्यक्ति वा समूहमा आफ्ना कुरा कसरी निर्धक्कसँग राख्न सकिन्छ भनेर व्यावहारिक ज्ञान दिइएको थियो । तालिमका क्रममा हरेक सहभागीलाई समुदायको समस्या पहिचान गरी परियोजना तयार गर्न लगाइएको थियो । स्थानीय सरकारसँग प्रस्ताव लेखन तयार गर्ने तथा अन्य संघ-संस्थाको सहयोगमा त्यसलाई कसरी लागू गर्ने भनेर पनि सिकाइएको थियो । उनीहरूले तालिममा सिकेको ज्ञान आफ्नो समुदाय, परिवार र साथीहरूलाई समावेश गराई सचेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएका छन् ।

सौराहको तालिमका सहभागीहरूलाई रिड नेपालले सामाजिक राजदूत बनाएको छ । उनीहरूले समुदायका सदस्यहरूलाई पुस्तकालयको प्रयोग गर्नका लागि प्रेरित गर्नुका साथै, समुदायका सदस्यहरूमाझ पुगेर पुस्तकालयको आवश्यकताका बारेमा सचेतना फैलाएका छन् ।

कोभिडका बेला २७० किशोरीहरूको छुट्टै समूह बनाएर सामाजिक राजदूतहरूले काम गरेका थिए । उनीहरूकै समन्वयमा ती सामुदायिक पुस्तकालयमा शिक्षा, स्वास्थ्य, लैंगिक हिंसा सम्बन्धी सरोकार समिति गठन गरिएका छन् । कोभिड महामारीका



ट्याग परियोजना अन्तर्गत कम्प्युटर तालीम लिंदै किशोरीहरू ।

बेला समुदायका सदस्यहरूको जिज्ञासा सम्बोधन गर्न भौतिक रूपमा उपस्थित हुन कठिनाई भएपछि समुदायमा सूचनामार्फत सचेतना फैलाउने काम गरेका थिए । जतिबेला स्थानीय सरकारलाई कोभिडको तथ्यांक दिने काम पनि उनीहरूले नै गरेका थिए ।

परियोजना अन्तर्गत कोभिड रोकथाम र प्रतिकार्यमा ६६९ सामग्री वितरण गरिएको थियो भने कोभिडसँग सम्बन्धित ८ हजार २४६ प्रश्न सङ्कलन गरेर त्यसको जवाफ दिइएको थियो । जसमध्ये कोभिड, शिक्षा, लैंगिक हिंसा सम्बन्धी नै अधिकांश जिज्ञासा थिए ।

यसैगरी, प्रत्यक्ष तथा अनलाइन च्यानलमार्फत १ हजार ३१ जनाको लागि मनोसामाजिक सचेतनामूलक कार्यक्रम संचालन गरिएको थियो । यति मात्र होइन, २८६ बालबालिकालाई निःशुल्क ट्यूसन तथा १८९ अनलाइन शैक्षिक स्रोतहरू निर्माण गरिनुका साथै कोभिड, लैङ्गिक हिंसा र शिक्षा सम्बन्धी विषयमा २८२ रेडियो कार्यक्रम उत्पादन गरिएको थियो ।

ती किशोरीहरूले ४६ वटा विद्यालयमा समन्वय गरेका छन् । यो कार्यक्रम अन्तर्गत २० जना शिक्षकलाई मेन्टर बनाइएको छ । मेन्टर बनाइएका शिक्षकहरूलाई दुई पटक तालिम समेत दिइसकिएको छ ।

यो परियोजना अन्तर्गत २३४ घरधुरीमा कोभिड सहायता कार्यक्रम संचालित छ । जसबाट १ हजार १४२ जना लाभान्वित भएका छन् । उनीहरूले समुदायका लागि काम लाग्ने ३ हजार ६९ वटा सूचना तयार पारेका छन् । ती सूचना सामग्री ३७ हजार ४७१ पटक प्रयोग भएको रिड नेपालको तथ्यांक छ ।

आईसीटीबारे जानकारी पाएका ५०० जना किशोरीमध्ये ९४ प्रतिशतले आईसीटी सीप बढेको बताएका थिए । ३१ प्रतिशतले अब विज्ञान प्रविधि, व्यवस्थापन र इन्जिनियरिङ पढ्ने बताएका थिए । ८० प्रतिशत किशोरी यसबाट परिवारका सदस्यहरूसँग आफ्ना कुरा निर्धक्कसँग राख्न सक्ने भएका छन् । ■

ट्याग परियोजनामा छनोट भएका किशोरीहरूलाई स्वागत गर्दै।



# शान्ति भोलेन्टियर्स एसोसिएसनको सहयोगमा चारवटा पुस्तकालयले पाए पुनर्जीवन



शान्ति भोलेन्टियर्स एसोसिएसन (एसभीए) नेपालको आर्थिक सहयोगमा चारवटा सामुदायिक पुस्तकालयले पुनर्जीवन पाएका छन् ।

२०७२ को भूकम्पपछि शान्ति भोलेन्टियर्स एसोसिएसनले भूकम्पबाट प्रभावित भएका सामुदायिक पुस्तकालयहरूको पुनर्निर्माणका साथै पुस्तकालयहरूको अतिरिक्त सेवामा सुधार ल्याउनका लागि यो परियोजना संचालन गरेको हो ।

ललितपुरको गोदावरी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, सुनौलो सामुदायिक पुस्तकालय धरान, जुनबेंसी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र सोलुखुम्बु र मातृभूमि सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र स्याङ्जाका पुस्तकालय संचालनमा ल्याइएको हो । भूकम्पका कारण पूर्ण रूपमा क्षति पुगेपछि यी चारवटा पुस्तकालयमध्ये जुनबेंसी र सुनौलो पुस्तकालय बन्द भएका थिए । गोदावरी पुस्तकालय भाडाको कोठामा संचालन गरिएको थियो भने मातृभूमि पुस्तकालय नजिकै रहेको जनता माविको एउटा कोठामा संचालन गरिएको थियो ।

मातृभूमि सामुदायिक पुस्तकालय, स्याङ्जामा जीवनोपयोगी सीप तालीमका सहभागी ।






जुनवेसी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, सोलुखुम्बुमा आयोजित चित्रकला प्रतियोगिताका सहभागी बालबालिका ।




मातृभूमि सामुदायिक पुस्तकालय, स्याङ्जामा पुस्तकालय व्यवस्थापन सम्बन्धी पन्ध्रदिने तालीमका सहभागी ।

२०५२ सालमा स्थापना भएको सुनौलो पुस्तकालय बाहेक अन्य तीनवटा पुस्तकालय भूकम्पअघि रिड नेपालको सहयोगमै बनाइएका थिए ।

गोदावरी, जुनबेंसी, मातृभूमि पुस्तकालयको निर्माण मार्च २०२० मा शुरू गरिएको थियो भने सुनौलो पुस्तकालय २०२१ मा शुरू गरिएको हो । गोदावरीको उद्घाटन २५ डिसेम्बर २०२१ मा भएको थियो भने जुनबेंसी पुस्तकालयको २५ सेप्टेम्बर २०२२ र सुनौलो पुस्तकालयको २४ डिसेम्बर २०२२ मा उद्घाटन भएको थियो । शान्ति भोलेन्टियर्स एसोसिएसनको सहयोगमा तयार पारिएका चारवटै पुस्तकालयले नयाँ भवनबाट सेवा दिँदै आएका छन् । स्याङ्जाको मातृभूमि सामुदायिक पुस्तकालयको उद्घाटन हुँदैछ ।

यी सबै पुस्तकालयमा समावेशी विपद् जोखिम न्यूनीकरण कक्ष संचालित छन् । ती कक्षमा विपद्का बेला नभई नहुने ह्वील चेयर, डोरी, टर्च लाइट जस्ता सामग्रीको प्रबन्ध मिलाइएको छ । भूकम्पपछि रिड नेपालको सहयोगमा बनाइएका सबै पुस्तकालयमा यस्ता सुविधा उपलब्ध छन् । अपांगता भएका व्यक्तिहरूले पनि पुस्तकालयबाट सेवा पाउन सकुन् भनेर ती पुस्तकालयका भुईंतला अपांगतामैत्री बनाइएको छ ।

पुस्तकालयमार्फत समुदायका सदस्यहरूलाई महिला, युवा सशक्तीकरण, उद्यमशीलता विकास जस्ता तालिम समेत संचालन गरिएको छ ।

भूकम्पका बेला मात्र होइन, पछिल्लो समय कोभिड महामारीको समयमा पुस्तकालयमार्फत समुदायका विपन्न परिवारका लागि राहत सामग्री वितरण गरिएको थियो । कोभिड महामारीको समयमा यस




जुनवेसी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, सोलुखुम्बु ।

परियोजनामार्फत ३१६ घरधुरीमा १ हजार ५५२ जनालाई राहतस्वरूप खाद्य सामग्री वितरण गरिएको थियो । साथै १२१ गर्भवती महिलालाई पोषिलो खानेकुरा र ८ विद्यालय तथा १ गुम्बालाई कोभिड-१९ सुरक्षा सामग्री वितरण गरिएको थियो । यस परियोजना अन्तर्गत ४ वटा पुस्तकालयमार्फत कोभिड-१९ सँग सम्बन्धित ४ हजार जनचेतनामूलक पोष्टर समुदायमा वितरण गरिएको थियो ।

शान्ति भोलेन्टियर्स एसोसिएसनको सहयोगमा २०२० देखि शुरू भएको यो कार्यक्रम अन्तर्गत फेब्रुअरी २०२३ सम्म विभिन्न गतिविधि हुनेछन् । ■

# पुस्तकालय: समाज रुपान्तरणमा कोसेढुंगा

लेखपढ संस्कृतिलाई बढावा दिएको पुस्तकालय यस्तो सार्वजनिक स्थल हो, जहाँ किताबसँगै विचार साटासाट गरिन्छ । सामाजिक रुपमा घुलमिल हुने र विभिन्न मुद्दाको बहस गर्ने थलो पुस्तकालयमा ७५३ वटै पालिकाले कुल बजेटको सानो अंश मात्र छुट्याउने नीतिगत व्यवस्था भएमा नेपाली समाज रुपान्तरणमा कोसेढुंगा सावित हुनेछ ।



■ **रामजी दाहाल**

१९८७ सालमा कृष्णप्रसाद कोइराला, धर्मराज थपलिया, चित्तधर हृदयलगायतका चेतनशील युवाले पुस्तकालय खोल्ने उद्देश्यले प्रधानमन्त्री भीमशमशेरकहाँ निवेदन बुझाउने सल्लाह गरेछन् । तर रामचन्द्र अधिकारीले त्यसमा तोडमोड गरेर राजनीतिक उद्देश्य भएको भनेपछि हलचल मच्चिएछ । अनि उनीहरूमाथि मुद्दा चलाउने प्रक्रिया शुरू भएछ । 'अबदेखि यस्तो कार्य गर्ने छैनौं' भन्ने कागज गराई रू.१०० का दरले जरिवाना गरेर छाडिएछ । जुन घटना नेपालको इतिहासमा 'लाइब्रेरी पर्व' ले चिनिन्छ ।

कृष्णप्रसादका छोरा बीपीले पुस्तकालयको महत्व नबुझ्ने कुरै भएन । त्यसकारण बीपी नेतृत्वको पहिलो जननिर्वाचित सरकारले २०१५ सालमा पुस्तकालयका लागि ८० हजार बजेट छुट्याएको इतिहास छ । बीपी आफैंमा राजनेता मात्र नभएर चर्चित लेखक र पाठक पनि थिए । कतिसम्म भने कार्यकर्ताका घरमा गएका बेला पढ्ने बानी छ कि छैन भनेर कोठामा पुस्तक खोज्ने गर्थे रे उनी । बीपीपछि मनमोहन अधिकारी नेतृत्वको सरकारले २०५१ मा शिक्षा मन्त्रालयमार्फत पुस्तकालयका लागि रू.२ करोड अनुदान दिएको पुस्तकालय अभियन्ता भोलाकुमार श्रेष्ठ स्मरण गर्छन् । तर पटक-पटक सरकारको नेतृत्व गरेका बीपीका अनुयायीहरूका लागि पुस्तकालय भन्दा 'प्राडो संस्कृति' प्रिय भयो भने मनमोहनका अनुयायीको रोजाइ 'भ्यूटावर' बन्यो । नेता-कार्यकर्ता पोस्न पल्केकाहरूको बुझाइमा पुस्तकालयका लागि बजेट छुट्याउनु 'बालुवामा पानी हाल्नु' हो ।

नेताहरूमा पढ्ने बानी कतिको थियो भन्ने सन्दर्भमा राजनीतिक चिन्तक प्रदीप गिरि लेनिन एक अध्ययन पुस्तकको भूमिकामा लेख्छन् '...नख्खु जेल बसाइका क्रममा हाम्राबीच मार्क्सवाद, समाजवादका कुरा भइरहन्थे । शेरबहादुरजी र गोपालमानजी जेलमा धेरै रहनुभएन । एक महिना पनि पुगेन क्यारे ! तर एक महिनाकै बसाइमा उहाँहरूले मार्क्स र लेनिनप्रति आफ्नो वितृष्णा जाहेर गर्नुभयो । खासमा यो पुस्तक कांग्रेसका शेरबहादुर, गोपालमान र कम्युनिष्टका निर्मल लामा र सिन्धुनाथ प्याकुरेल आदिसँग भएको बहसको परिणाम हो । कांग्रेसी मित्रहरूको मार्क्स-लेनिनप्रतिको अज्ञानता पत्याइनसक्नुको थियो । उहाँहरू पढ्नुहुन्छ कि भनेर यो पुस्तक लेखियो । तर अझै फरक परेको देखिन्न ।'

राजनीतिक नेतृत्वले बुझ्नुपर्छ कि पुस्तकालय भनेको सूचना र ज्ञानको केन्द्र हो । व्यक्ति र समाजको चेतना बढाउनमा जसको महत्वपूर्ण भूमिका हुन्छ । हुन त हातहातमा मोबाइल र सूचना पहुँच बढेका बेला पुस्तकालयप्रति कमैको रूचि भएको कतिपयको बुझाइ छ । विषयवस्तुको गहन अध्ययन र अनुसन्धान विना अनुमानका भरमा व्यक्त त्यस्ता भनाइमा पुस्तकालयको महत्व बुझेकाहरू कसैगरी पनि सहमत हुँदैनन् । अमेरिकाको न्यूयोर्क विश्वविद्यालयको इन्स्टिच्यूट फर पब्लिक नलेजका निर्देशकसमेत रहेका समाजशास्त्रका प्राध्यापक एरिक क्लिनबर्गले केही वर्षअघि न्यूयोर्क टाइम्समा लेखेका थिए, 'एक्काइसौं शताब्दीको युगमा किताबको डिजिटल संस्करण सार्वजनिक गर्ने क्रम बढ्दो छ । पत्रपत्रिका पनि डिजिटल संस्करणमै बढी पढिन्छन् । मान्छेहरू सामाजिक सञ्जालमार्फत अन्तरक्रिया गर्छन् । यस्तोमा पुस्तकालय प्रवर्द्धन आवश्यक छैन भन्ने धेरै जनप्रतिनिधिलाई लाग्छ ।' समाजशास्त्री एरिक लेख्छन्, 'यो सोचाइको असर अमेरिकाका धेरै सार्वजनिक पुस्तकालयमा देखिन थालेको छ, जहाँ राज्यको स्रोत घट्दैछ ।' उनी जनप्रतिनिधिको यो सोचाइलाई गलत मान्छन् । एरिकको भनाइमा आज न्यूयोर्क जस्ता शहरमा अध्ययनका लागि पुस्तकालय

जाने चलन छ । त्यहाँ किताब र सामाजिक विषयवस्तुमा अन्तरक्रिया गर्ने क्रम जारी छ ।

क्लिनबर्गको बुझाइमा पुस्तकालय भनेको सामाजिक पूर्वाधार हो । जसले लेखपढ संस्कृतिलाई बढावा त दिएको छ नै, साथै सामाजिक रूपमा घुलमिल हुने र विभिन्न मुद्दाको बहस गर्ने थलो पनि भएको छ । पुस्तकालय यस्तो सार्वजनिक स्थल हो, जहाँ किताबसँगै आपसमा विचार साटासाट गरिन्छ ।

मुलुककै जेठो त्रिभुवन विश्वविद्यालयमा औंलामा गनिने लोकराज बराल, कृष्ण खनाल, अभि सुवेदी जस्ता विद्वान प्राध्यापकहरू साँझपख प्रायःजसो जमलस्थित मण्डला पुस्तक पसलमा भेटिन्थे, अहिले पनि भेटिन्छन् । घण्टौंसम्म बौद्धिक विमर्श गर्ने उनीहरू समय बिताउनका लागि पुस्तक पसल गएका पक्कै होइनन् । मिडियामार्फत व्यक्त तिनका बौद्धिक विमर्श नेपाली समाजका लागि निकै उपयोगी छन् । त्यो गौरवमय इतिहास भएको त्रिविका प्राध्यापकहरू हिजोआज पुस्तक पसल र पुस्तकालयमा भेटिन मुश्किल पर्छ । नेताका दैलो चहार्नमा व्यस्त भएपछि बौद्धिक विमर्शका ठाउँमा जाने फुर्सद कहाँ हुनु ? अनि तिनका चेला बौद्धिक विमर्शका त्यस्ता ठाउँमा भेटिने कुरै भएन । त्रिवि सेवा आयोगको परीक्षामा बढुवा प्रयोजनका लागि मात्रै किताब लेख्नेहरूलाई 'विद्वान' प्राध्यापकले मूल्यांकनको कसीमा उत्कृष्टको ठप्पा लगाइदिन्छन् । तिनका कृति साँच्चै उत्कृष्ट थिए भने पुस्तक पसलमा 'सिला' खोज्दा पनि नपाउनुको पछाडि के रहस्य होला ? सामुदायिक क्याम्पसहरूलाई अनुदान रकम बाँड्न आतुर विश्वविद्यालय अनुदान आयोग पुस्तकालयमा गरिने लगानीलाई 'अनुत्पादक क्षेत्र' ठान्दैछ । अनि सामुदायिक क्याम्पसका हर्ताकर्ताहरू नयाँ भवन बनाउँदा आउने मोटो 'कमिशन' छाडेर पुस्तकालय जस्तो 'तल्लोस्तर' को काम गर्न किन तयार हुन्छन् ?

अमेरिकास्थित प्यू रिसर्च सेन्टरको एक अध्ययन अनुसार १६ वर्ष र त्योभन्दा बढी उमेरका आधाभन्दा बढी अमेरिकीले सार्वजनिक पुस्तकालय प्रयोग गर्छन् । तर नेपालमा नयाँ पुस्ताका अधिकांशले पुस्तकालयमा पाइलो समेत नटेकेका हुनसक्छन् । पुस्तकालय अभियन्ता भोलाकुमार श्रेष्ठका अनुसार देशभर ९०० हाराहारीको पुस्तकालय दर्ता भएकोमा २२७ वटा संचालनमा छन् । राजनीतिक नेतृत्वको प्राथमिकतामा नपर्दा नियमित स्रोत नभएपछि जनशक्ति नहुने नै भयो । 'हात्ती पढेर ठूलो भएको हो र' भन्ने हाम्रो समाजमा पढाइको मूल्यांकन नै छैन । अवैध आर्जन नै किन नहोस् सम्पत्तिका आधारमा मूल्यांकन हुने परिपाटी विद्यमान छ ।

पछिल्लो समय सूचनाप्रविधिको क्षेत्रमा आएको विकासले नागरिकहरूमा सामाजिक सञ्जालको प्रयोग बढेको छ । कतिसम्म भने परिवारका सदस्यहरू सामाजिक सञ्जालमा यति धेरै व्यस्त छन् कि, साँझ-बिहान घरमा सँगै भएका बेला पनि समसामयिक विषयमा कुराकानी गर्ने फुर्सद छैन । अर्थात् सामाजिक सञ्जालको बढ्दो प्रयोगले मानिसहरू एकांगी भएका छन् । यस्तो बेला समाजमा पुस्तकालयको महत्व झनै बढेको छ । त्यस्तो पुस्तकालयमा किताब मात्र होइन, इन्टरनेट अनिवार्य हुनुपर्छ । यसका साथै बालबालिकाका लागि खेलौना, युवाका लागि फूटबल, हार्मोनियम, वृद्धाका लागि भेटघाट गर्ने हल र भजनकीर्तन तथा महिला सशक्तीकरणको मुद्दालाई पनि पुस्तकालयले समेटेको हुनुपर्छ । उमेरअनुसार आवश्यक पुस्तक त अनिवार्य भइनै हाल्यो । सामुदायिक पुस्तकालयको क्षेत्रमा कार्यरत ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालको अगुवाइमा विभिन्न जिल्लामा खोलिएका ६९ वटा सामुदायिक पुस्तकालयमा यस्ता सबै सुविधा छन् । यति मात्र होइन, युथ सर्कलले पुस्तकालयमा नआएकाहरूलाई घरमै गएर ल्याई पढाइप्रति मोह जगाउने काम गरेका छन् । त्यसकारण हाम्रो समाजमा यस्ता पुस्तकालयको खाँचो देखिएको छ, जहाँ सबै समूहका मानिस भेला होउन्, मन परेको किताब पढ्न पाउन् । त्यसबाट आपसमा ज्ञान र विचार बाँड्न पाइयोस् । जसले व्यक्तिमा विचारको दायरा फराकिलो बनाओस् ।

राजनीतिक वृत्त मात्र होइन, चियापसल र साँझ परेपछि भट्टी अनि सामाजिक र पारिवारिक जमघटमा पनि नेपाली समाजको विकास भएन भनेर चिन्ता प्रकट गरिन्छ । तर यस्ता जमघटमा हाम्रो समाजका लागि चाहिएको विकास कस्तो हो र कसरी गर्ने भन्नेबारे गम्भीर बहस हत्तपत्त हुँदैन । समस्या औंल्याउने बानी परेका हामीले समाधानको उपाय भनिदिन सकेका छैनौं । समाधान खोज्न बौद्धिक मन्थन आवश्यक हुन्छ । त्यस्ता मन्थन गर्ने उपयुक्त थलो भनेकै पुस्तकालय हो । तर पुस्तकालयको महत्व नबुझेर वा जानीजानी सरकारको प्राथमिकतामा छैन । पुस्तकालयको विकास र विस्तारका सन्दर्भमा बजेट भाषण मौन छ । तर शिक्षा मन्त्रालयले आर्थिक वर्ष २०७०/७१ देखि पुस्तकालय शीर्षकमा अनुदानको 'टोकन' दिंदै आएको छ । पछिल्लो समय प्रदेश सरकार केही उदार देखिएका छन् ।

हुन त स्थानीय सरकार संचालन ऐन २०७४ मा पुस्तकालय र वाचनालय व्यवस्थापन सम्बन्धमा उल्लेख गरिएको छ । यसका साथै, पछिल्लो समय एक स्थानीय तह, एक नमूना पुस्तकालयको अवधारणा आएको छ । त्यसका लागि ७५३ वटै पालिकाले सानो अंश मात्र भए पनि पुस्तकालयलाई छुट्याउने नीतिगत व्यवस्था भएमा नेपाली समाज रूपान्तरणमा कोसेढुंगा सावित हुनेछ ।■

> "अमेरिकास्थित प्यू रिसर्च सेन्टरको एक अध्ययन अनुसार १६ वर्ष र त्योभन्दा बढी उमेरका आधाभन्दा बढी अमेरिकीले सार्वजनिक पुस्तकालय प्रयोग गर्छन् । तर नेपालमा नयाँ पुस्ताका अधिकांशले पुस्तकालयमा पाइलो समेत नटेकेका हुनसक्छन् ।"

READ Nepal
Inspiring Rural Prosperity




# सिन्धुपाल्चोकको गिरानचौर: विनाशपछिको विकास

सिन्धुपाल्चोकको गिरानचौरमा ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालको पहलमा विनाशपछिको विकास परियोजनाबाट स्थानीय लाभान्वित भएका छन् ।

२०७२ को भूकम्पबाट सबैभन्दा बढी क्षति पुगेका मध्येको एक सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकाको गिरानचौरमा ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालको पहलमा विनाशपछिको विकास परियोजना सम्पन्न भएको छ ।

आइरेसको समन्वय र कार्लोसी फेमेली फाउण्डेशनको सहयोगमा सन् २०१८ मा शुरू भएको कार्यक्रम सन् २०२० मा सम्पन्न भएको हो ।

परियोजना अन्तर्गत सुविधासम्पन्न सामुदायिक पुस्तकालय भवनको सन् २०२० मा उद्घाटन भएको थियो । त्यसपछि पुस्तकालयको समन्वयमा समुदायको आवश्यकतामा युवा, महिला, किसान तथा स्वास्थ्य लक्षित कार्यक्रम गरिएको हो ।

पुस्तकालयको दिगो आयआर्जन तथा स्थानीय समुदायलाई जोड्नका लागि सन् २०१९ देखि सहकारी शुरू गरिएको छ । सहकारीमा हाल ३०० जना सदस्य छन् । उनीहरूले मासिक १०० का दरले जम्मा गर्दै आएका छन् । सहकारीका सदस्यहरूले जम्मा गरेको सो रकम स्थानीयको जीविकोपार्जनमा लगानी गरिएको छ ।

सोही पुस्तकालयमा सुरक्षित आप्रवासन सचेतना कार्यक्रम अन्तर्गत साना बालबालिकालाई पढ्ने बानीको विकास गराउन रिडिङ इज फन अभियान संचालन गरिएको छ । यसका साथै, पुस्तकालयले स्वास्थ्यका क्षेत्रमा पनि काम गरेको छ । स्थानीय समुदायसँग मिलेर हेल्थ सचेतना कार्यक्रम संचालन गर्दै आएको छ ।

पुस्तकालय भवन बन्नुअघि गिरानचौरमा सामुदायिक भवन नहुँदा स्थानीय तहमा केही कार्यक्रम गर्नुपर्दा पनि ठाउँको अभाव हुने गरेको थियो । तर यो भवन तयार भएपछि अहिले सामुदायिक कार्यक्रमहरू यहीं नै हुने गरेका छन् । यति मात्र होइन, बालबालिकालाई भिटामिन खुवाउने, खोप लगाउने जस्ता काम यहीं हुने गरेको छ । त्यस्ता कार्यक्रममा पुस्तकालयले आवश्यक समन्वय गर्दै आएको छ ।

पुस्तकालयकै पहलमा समुदायका सदस्यहरूमाझ कोभिडको सूचना सचेतना गरिएको थियो भने ७८० जनालाई कोभिड भ्याक्सिन लगाइएको थियो ।

पुस्तकालयले स्थानीय किसानलाई लक्षित गरेर कृषि सम्बन्धी कार्यक्रम पनि संचालन गरेको छ । यो कार्यक्रम अन्तर्गत स्थानीय किसानका समस्या पहिचान गरी तालिम दिने मात्र नभई सेवाग्राही र सेवा दिने निकायबीच समन्वयको काम गर्दै आएको छ । पुस्तकालयले सामुदायिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत १०० भन्दा बढी घरधुरीलाई कोभिडको समयमा मानवीय सहायोग गरेको थियो ।■

# सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार सम्बन्धी सूचनाको साथी

# दियो परियोजना

**सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारसँग सम्बन्धित सूचना प्रवाह गरेर सामुदायिक पुस्तकालयले समुदायका सदस्यहरूलाई परामर्श सेवा दिँदै आएको छ ।**




सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सचेतना अन्तरक्रियाका सहभागी ।

ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालले आइरेक्सको आर्थिक तथा प्राविधिक सहयोगमा सामुदायिक पुस्तकालयका माध्यमबाट सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारसँग सम्बन्धित सूचना प्रवाह गरेर समुदायका सदस्यहरूलाई परामर्श सेवा दिँदै आएको छ ।

सन् २०१९ मा रिड नेपालको सहयोगमा संचालित ८ वटा पुस्तकालयबाट शुरू गरिएको यो कार्यक्रम हाल ४० वटा पुस्तकालयमा विस्तार गरिएको छ । कार्यक्रम शुरू भएको दोस्रो वर्ष २०२० मा १३ तथा २०२१ मा २० वटामा थप गरिएको थियो । जसमध्ये २० वटा पुस्तकालयमा सुरक्षित आप्रवासन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन हुँदै आएको छ भने बाँकी २० वटा नयाँ पुस्तकालयमा दियो सूचना कर्नर स्थापना गरिएको छ । पुस्तकालयमा आउनेहरूका लागि पुस्तकालयमै सूचना कर्नर राखिएको छ । जहाँबाट उनीहरूले वैदेशिक रोजगारसम्बन्धी सूचना लिने गर्छन् । तर पुस्तकालयमा आउन नसक्नेहरूका लागि भने समुदायमै गएर अभिमुखीकरण गर्ने काम पनि गरिएको छ । जस अन्तर्गत विदेश जान तयार भएकाहरूलाई वैदेशिक रोजगार सम्बन्धी जानकारी गराउनुका साथै भिडियो प्रदर्शन गर्ने पनि गरिएको छ ।




परियोजना अन्तर्गत रोजगारीका लागि विदेश जान स्थानीयलाई प्रेरित गर्ने नभई आफ्नै देशमा स्वरोजगार हुने जानकारीसहित विदेश जाने तयारीमा रहेका समुदायका सदस्यहरूलाई सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारका बारेमा सही सूचना दिने भएको छ ।

सुरक्षित वैदेशिक रोजगार सम्बन्धमा स्थानीय तहमा सूचना प्रवाह संयन्त्र नभएको सन्दर्भमा रिड नेपालको सहयोगमा संचालित सामुदायिक पुस्तकालयले आवश्यक सूचना दिएर समुदायका सदस्यहरूलाई ठूलो गुन लगाएका छन् । त्यसैले सामुदायिक पुस्तकालयहरूलाई स्थानीय सरकारले सहयोग पनि गरेका छन् । वैदेशिक रोजगारका सिलसिलामा कानुनी कुनै समस्या भएमा पिपुल फोरमले सहजकर्ताको भूमिका निर्वाह गर्दै आएको छ । यसका लागि रिड नेपालले सहयोग, सल्लाह र सुझाव दिएको छ । रिड नेपालले ७ जनालाई पारालिगल तालिम दिएको छ भने स्थानीय सरकारलाई एड्भोकेसीको काम गरेको छ ।

रिड नेपालले नमूनाका रूपमा वैदेशिक रोजगारी सम्बन्धी तथ्यांक संकलन शुरू गरेको छ । त्यसका लागि बर्दिया जिल्लाको बाँसगढी नगरपालिका वडा नं १ लाई छनोट गरिएको छ । वैदेशिक रोजगार सम्बन्धी १७ हजार ८४३ सूचना पुगेको छ ।

विभिन्न सामुदायिक गतिविधि र दियो सूचना कर्नर मार्फत यस वर्ष कुल १४ हजार ४५४ व्यक्ति लाभान्वित भएका छन् । यो कार्यक्रम सन् २०२३ सम्म संचालित हुने रिड नेपालले जनाएको छ । ■

सूचनाकक्षबाट सूचना लिंदै युवा ।

# समुदायमा पुस्तकालयको प्रभाव

## मोती सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, पर्वत




रूद्रमती रोटरी क्लब तथा मोती सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको सहयोगमा १६ जना महिलालाले आफ्नै उद्यमको सुरूवात गरेका छन् । महिनावारी स्वास्थ्यलाई प्राथमिकता दिँदै उनीहरूले पुन:प्रयोजन गर्न मिल्ने स्यानिटरी प्याड उत्पादन गरेका छन् ।

वि.स. २०१६ देखि संचालनमा आएको मोती सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रले सामाजिक रूपान्तरणको क्षेत्रमा काम गर्दै आएको छ । पुस्तकालयमा महिलाहरूको पहुँच बढाउनका लागि पुस्तकालय भित्रै सहकारी स्थापना गरेर संचालनमा ल्याइएको थियो । पुस्तकालयको यस प्रयासले स्थापनाको छोटो समयमै समुदायमा निकै ठूलो प्रभाव पार्न सफल भएको थियो । हिजोका दिनमा सहकारीमा आबद्ध नभएमा समुदायका अन्य महिलाहरू पनि पछिल्लो समय यसप्रति आकर्षित भएका छन् । हिजोका दिनमा समुदायमा संचालित अन्य कतिपय सहकारीबाट ठगिएका महिलाहरूले यसबाट लगानी सुरक्षित भएको अनुभव गरेका छन् ।

समुदायका महिला सदस्यहरू पुस्तकालयमा आवद्ध हुन थालेपछि पुस्तकालय व्यवस्थापन समितिले उनीहरूलाई कसरी आत्मनिर्भर बनाउन सकिन्छ भनेर प्रयास शुरू गरेको थियो । यसै क्रममा पुस्तकालयको व्यवस्थापन समिति लगायत वडा कार्यालय तथा महिला समूहका सदस्यहरूबीच गम्भीर छलफल भएको थियो । जुन छलफलपछि समुदायका महिलाहरूलाई सिलाई-कटाई सम्बन्धी तालिम दिने निर्णय गरियो । त्यस लगतै मोती सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रद्वारा रोटरी क्लबमा यस सम्बन्धी सहयोगको लागि प्रस्तावना पेश गरियो । जुन प्रस्ताव पारित नहुने कुरै थिएन । जस अनुसार पुस्तकालय र रोटरी क्लबबीच गत वर्ष सम्झौता भएको हो ।

सम्झौतापछि तालिमका सहभागी छनोट प्रक्रिया अघि बढाइयो । तालिमका लागि ३५/४० महिलाले आवेदन दिएका थिए । आवेदन दिएका मध्ये छानिएका १६ जना महिलालाई आधारभूत सिलाई-कटाई तालिमका लागि छनोट गरियो । तालिम सुरू गर्नुअघि छनोट गरिएका महिलासहित तिनका परिवारलाई पुस्तकालयमा बोलाएर सामूहिक छलफल पनि गरिएको थियो । जुन छलफलका सहभागीहरूले



तालिम पश्चात उद्यममा लगनशीलता तथा निरन्तर समय दिनको लागि लिखित प्रतिबद्धता समेत जनाएका थिए ।

सुरूवातका दिनमा रोटरी क्लबबाट ६ महिनाको तालिम दिने निर्णय भएको थियो । तर महिलाहरूको लगनशीलता र मिहिनेत देखेर तालिम अवधि थप ३ महीनाको लागि विस्तार गरियो । ९ महिनाको तालिम पश्चात मोती सामुदायिक पुस्तकालयले थप ६० दिनको तालिम संचालन गरेको थियो । यसरी ५ महिना लामो तालिमपश्चात् महिलाहरूको राम्रोसँग हात बसोस् भन्ने अपेक्षाका साथ २ महीनासम्म स्यानिटरी प्याड बनाउने अभ्यास गराइयो । जसको परिणाम गत पुस महिनादेखि महिलाहरूले बृहत् रुपमा स्यानिटरी प्याड उत्पादन गरी बिक्री वितरण गर्न थालिसकेका छन् । हाल मोती सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रले यी महिलाहरूलाई सिलाइ मेसिन, काम गर्ने ठाउँ लगायत उद्यम स्थापनाका लागि सहयोग उपलब्ध गराइरहेको छ ।

मोती महिला उद्यम औपचारीक रूपमा दर्ता भएको दुई महिना पूरा भइसकेको छ । सामान्य लेखपढ गर्न जान्ने फलेवास नगरपालिकाको वार्ड नम्बर ४, ५, ६ का गृहिणी महिलाहरूले हालसम्म १० हजार स्यानिटरी प्याड उत्पादन गरिसकेका छन् । यसबाहेक उनीहरूले २ हजार वटा झोला पनि तयार गरेका छन् । जुन झोलामा २ पीस स्यानिटरी प्याड (दिन र रातमा प्रयोग गर्न मिल्ने), महिलाले लगाउने भित्री लुगा, रूमाल, आयुर्वेदिक साबुन




तथा रूमाल र प्रयोग गरेको प्याड सफा गर्नु अघि राख्नका लागि प्लाष्टिकको झोला राख्न सकिन्छ ।

हालसम्म नगरपालिकाभित्रका १० वटा विद्यालयका छात्रा, शिक्षिका, कर्मचारी मात्र होइन, महिला अभिभावकहरूलाई यस्तो झोलाको वितरण गरिएको छ । त्यति मात्रै नभएर, नगरपालिकाका महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय व्यवस्थापन समितिका महिला सदस्य तथा पालिकाका माहिला कर्मचारीहरूलाई पनि यी झोलाहरू वितरण गरिएको छ । पुस्तकालयले आगामी दिनमा निजी विद्यालयमा पनि यस्तो झोला वितरण गर्ने तयारी गरेको छ ।

अहिलेका लागि निःशुल्क वितरण भइरहेको स्यानिटरी प्याडको आगामी दिनमा व्यावसायिक उत्पादन गर्ने पुस्तकालयको योजना रहेको छ । ■



पुस्तकालय परिचय

# दीपशिखा सामुदायिक पुस्तकालय, कास्की

कास्की जिल्लाको रमणीय ठाउँ पोखरा महानगरपालिका-३९ भण्डारढिकमा रहेको दीपशिखा सामुदायिक पुस्तकालय स्थापनाको छोटो समयमै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ ।

२०५८ सालमा भण्डारढिकका बुद्धिजीवी, समाजसेवी एवं शिक्षाप्रेमीहरूको सक्रियतामा जिल्ला प्रशासन कार्यालय, कास्कीमा २०५९ साउन ८ गते दीपशिखा वाचनालय दर्ता गरिएको थियो । सो वाचनालयलाई थप व्यवस्थित रूपमा संचालन गर्नका लागि स्थानीयकै पहलमा २०६४ भदौमा पहल शुरू गरियो ।

समाजका विभिन्न बौद्धिक व्यक्तित्वहरूको सल्लाह अनुसार कार्यसमितिको अगुवाइमा वाचनालयलाई सामुदायिक पुस्तकालय एवं सूचना केन्द्रको रूपमा लैजाने निर्णय गरियो । त्यसका लागि प्रस्तावना तयार गरी आर्थिक स्रोतको खोजी गर्ने क्रममा सरकारी र गैरसरकारी संघ-संस्थाहरूसँग सम्पर्क अगाडि बढाइयो । नगर विकास कोष र ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालले प्रक्रियागत रूपमा सहयोग गर्ने भएपछि कार्य समितिले देशका विभिन्न ठाउँमा सञ्चालित सामुदायिक पुस्तकालयको अध्ययन अवलोकन गरी प्रस्तावको तयारी पूरा गर्‍यो ।




अन्ततः परियोजना स्वीकृत भई कार्यान्वयनका लागि २०६४ पुस २७ गते स्थानीय बुद्धिजीवी, समाजसेवी, शिक्षाप्रेमीसहित विभिन्न संघसंस्थाका प्रतिनिधि, राजनीतिक दलहरू एवं नागरिक समाजको भेलामा लेखनाथ नगरपालिका कार्यकारी प्रमुख, तत्कालीन नगर विकास कोषका कार्यकारी निर्देशक हर्कबहादुर क्षेत्री एवं रिड नेपालका कार्यकारी निर्देशक शरदबाबु श्रेष्ठको उपस्थितिमा परियोजनाका सम्बन्धमा महत्वपूर्ण छलफल भयो ।

त्यसपछि नगर विकास कोष, लेखनाथ नगरपालिका र स्थानीय उपभोक्ता बीच सम्झौता सम्पन्न भई २०६६ मंसिर ३ गते लेखनाथ नगरपालिका कार्यकारी प्रमुख केशवप्रसाद भट्टराईबाट पुस्तकालय भवनको शिलान्यास गरियो । भवन निर्माणका लागि नगर विकास कोष, लेखनाथ नगरपालिका र स्थानीयको सहयोगमा करिब डेढ करोडको लागतमा भवन निर्माण स्थल उपलब्ध गराई भवन निर्माण कार्य सम्पन्न भएको थियो ।

भवनमा समाजका सबै तहका मानिसको सहभागिताको लागि विभिन्न कक्ष निर्माण गरिएको छ । भवनमा आवश्यक फर्निचर र अन्य भौतिक सामग्रीको लागि रिड नेपाल र पुस्तकालय व्यवस्थापन समितिबीच २०६८ मंसिर ४ गते लेखनाथ उद्योग वाणिज्य संघमा पुस्तकालयका अध्यक्ष ईश्वरबहादुर हमाल र रिड नेपालको तर्फबाट प्रतिमा शर्माले सम्झौतामा हस्ताक्षर गरेका थिए ।

पुस्तकालयमा विभिन्न कक्षहरूको व्यवस्था गरिएको छ ।

**क) बाल कक्षः** यस कक्षमा बालबालिकाले विभिन्न





प्रकारले बाल मनोवैज्ञानिक प्रविधिबाट सिक्न-जान्न सक्ने तरिकाले खेलौना लगायत सामान राखिएका छन् । यसको अलावा बालबालिकाहरूबीच बेलाबेलामा कथा, चित्रकला, खेलकुद तथा हाजिरीजवाफ प्रतियोगिता गरिँदै आएको छ ।

**ख) महिला कक्षः** यस कक्षमा महिला सम्बन्धी बैठक, तालिम, गोष्ठी, महिला अधिकार, महिला स्वास्थ्य, शिशु स्वास्थ्य, पत्रपत्रिका जस्ता जानकारीमूलक सामग्री राखिएको छ । सोही कक्षमा हरेक महिना महिला तथा शिशु स्वास्थ्य सेवा प्रदान गरिँदै आएको छ । पुस्तकालयले दीपशिखा महिला कृषि सहकारी समेत सञ्चालनमा ल्याएको छ । सहकारीमा हाल ४५६ जना महिला सदस्य छन् । सहकारीले कृषि सम्बन्धी तालिम साथै आलुको बीउ उत्पादन गर्दै आएको छ ।

**ग) श्रव्यदृश्य कक्षः** यस कक्षमा कृषि, वातावरण जस्ता विषयमा उपयोगी सामग्री श्रव्यदृश्य माध्यमबाट प्रसारण गर्ने गरिएको छ । यसबाट स्थानीय लाभान्वित भएका छन् ।

**घ) सभा हलः** श्रव्यदृश्य समेत देखाउन मिल्ने सुविधासम्पन्न सभाहलमा ८० जनासम्म अटाउँछन् । हलमा मिटिङ, तालिम, गोष्ठी, सेमिनार आदिको व्यवस्था छ ।

**ङ) खेलकुद तथा संगीत कक्षः** यस कक्षमा युवाहरूलाई लक्षित गरी खेलकुद र वाद्यवादनका सामग्री छन् । स्थानीय बाल क्लब तथा युवा क्लबका सदस्यहरू यस कक्षबाट लाभान्वित भएका छन् ।

**च) कम्प्युटर कक्षः** यस कक्षबाट इमेल, इन्टरनेट, कम्प्युटर शिक्षा उपलब्ध गराउने गरिएको छ । कम्प्युटर कक्षमा महिला, शिक्षक, बालबालिका र युवाहरूलाई कम्प्युटर शिक्षा तथा निःशुल्क इन्टरनेट उपलब्ध गराइएको छ ।

**छ) पुस्तकालय कक्षः** पुस्तकालय कक्षमा ८ हजार ५०० पुस्तक, राष्ट्रिय र स्थानीय पत्रपत्रिका राखिएको छ । यस कक्षमा एकै पटक ४० जनासम्म पाठकले शान्त वातावरणमा अध्ययन गर्न सक्छन् । पुस्तकालय कक्षमा विभिन्न विधाका पुस्तकका साथै विद्यालय, क्याम्पस र विश्वविद्यालयका पाठ्यपुस्तक तथा राष्ट्रिय र स्थानीय दैनिक, साप्ताहिक, पाक्षिक, मासिक पत्रपत्रिका पढ्ने व्यवस्था छ ।

यो पुस्तकालय सबैका लागि खुला गरिएको छ । सम्भव भएसम्म लेखनाथभित्रका एक घर एक सदस्यको नीति लिइएको र सर्वसाधारणसम्म पहुँच पुऱ्याउन न्यूनतम शुल्कमा पाठक सदस्य, साधारण सदस्य र आजीवन सदस्य बन्न सकिने व्यवस्था मिलाइएको छ । पुस्तकालयमा हाल १५२ जना व्यक्तिगत तथा २५ वटा संस्थाले आजीवन सदस्यता लिएका छन् । यसैगरी २०० जना साधारण सदस्य छन् । पुस्तकालयमा दैनिक ४५ देखि ५० जनासम्म पाठक आउने गर्छन् ।

पुस्तकालयले दिगो आर्यआर्जनका लागि ८ वटा सटर भाडामा लगाएको छ । पुस्तकालयका लागि आवश्यक पुस्तक खरिद तथा कार्यक्रम र मर्मतका लागि सरकारी, गैरसरकारी तथा स्थानीय तह र विभिन्न संघसंस्थाले सहयोग गर्दै आएका छन् ।

पुस्तकालयले यसरी समाजको चौतर्फी विकासमा पुऱ्याएको योगदानको कदर गर्दै शिक्षा, विज्ञान प्रविधि मन्त्रालयले यस वर्षको नमूना सामुदायिक पुस्तकालय सम्मान गरेको छ ।

## अवसर र चुनौती

- पुस्तकालयका अवसर र चुनौती निम्नानुसार छन् :
- सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको रूपमा दिगो रूपमा सञ्चालन गर्ने ।
- स्थानीय समुदायलाई सामाजिक कामका लागि समान रूपले अवसर प्रदान गर्ने ।
- बालबालिकाको अधिकार सम्बोधन गर्दै सबैको लागि शिक्षाको अवधारणा विकास गर्ने ।
- जीवनयापन तथा मानव स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा उपलब्ध गराउने ।
- समुदायलाई आवश्यक सूचना तथा ज्ञान उपलब्ध गराउने ।





- लैङ्गिक समानता र महिला विकासको कार्यक्रम उपलब्ध गराउने ।
- पुस्तकालयमा पढ्ने बानीको विकास र युवा शक्तिलाई सेवामा उन्मुख गराउने ।
- सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र दिगो रूपमा सञ्चालन गर्न दिगो आयआर्जन नहुनु ।

## उपलब्धि

- पुस्तकालय उपयोगकर्ताहरूको उत्साहजनक वृद्धि ।
- नि:शुल्क इन्टरनेट उपलब्ध, प्रयोगकर्ताको वृद्धि ।
- महिला तथा शिशु स्वास्थ्य तथा अधिकार सम्बन्धी कार्यक्रम प्रभावकारी ।
- बालबालिकाको अधिकार तथा पढ्ने बानीको विकास ।
- समाजमा आवश्यकता अनुसारको ज्ञान र सूचना प्राप्तिमा सहयोग ।
- लैङ्गिक विभेद न्यूनीकरण समाजमा सहयोग ।
- पुस्तकालय तथा स्रोत केन्द्रको रूपमा दिगो रूपमा संचालन सफलता ।

पुस्तकालयले अन्य संघसंस्था र स्थानीय तहसँग समन्वय गरी विभिन्न कार्यक्रम संचालन गरेको छ ।

पुस्तकालयमा भएका Reading material bibliography cloud base software मा राखिएको छ । RFID system use u/L Issu Return गरिन्छ । यदि क्ष्ककग नगरी लगेमा Alert u/fpg RFID censored electrical gate राखिएको छ ।

विद्यार्थीमा पढ्ने बानीको विकास गराउनका लागि हरेक वर्ष हाजिरीजवाफ प्रतियोगिता, हिज्जे, निबन्ध, वक्तृत्वकला, वादविवाद तथा निरन्तर शिक्षा कक्षा संचालन गरिदै आएको छ ।

युवाका लागि जीवनोपयोगी, सीपमूलक नेतृत्व विकास, मोबाइल मर्मत, हाउस वायरिङ, ब्युटीपार्लर, सिलाई-कटाई, गुडिया बनाउने, मौरीपालन जस्ता तालिम दिइएको छ ।

विपत् व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम र कानूनी साक्षरता कार्यक्रम संचालन गरिएको छ ।

कृषि, स्वास्थ्य सामग्री वितरण, स्वास्थ्य शिविर, रक्तदान, स्वास्थ्य सामग्री साथै आपत्का बेला राहत वितरण जस्ता कार्यक्रम संचालन हुँदै आएका छन् ।

हाल दियो परियोजनाअन्तर्गत सुरक्षित आप्रवासन सम्बन्धी समुदायमा सचेतनामूलक कार्यक्रमका साथै सूचना दियो कर्नर व्यवस्थापन गरी सूचना प्रवाह गरेको छ ।

### व्यवस्थापन समिति (२०७८ देखि २०८१ सम्म)

| | |
|---|---|
| अध्यक्ष: कृष्णहरि भण्डारी | ९८५६०२४६३९ |
| उपाध्यक्ष: निर्मला पौडेल | ९८४६४५३१३१ |
| सचिव: पदमप्रसाद अधिकारी | ९८४६२९१८९८ |
| कोषाध्यक्ष: माधव भण्डारी | ९८५६०२७३४६ |
| सहसचिव: शंकरप्रसाद पौडेल | ९८६६०५१७१७ |
| सदस्य: कमला भण्डारी | ९८४६११७९१६ |
| सदस्य: विश्वराज शर्मा | ९८४६०८६८८२ |
| सदस्य: सु. चन्द्रबहादुर गुरूङ | ९८१६१८६८२५ |
| सदस्य: बुद्धिकुमारी मगर | ९८६६०५९२३ |
| सदस्य: मीनकुमारी डल्लाकोटी | ९८५६०३१४२९ |
| सदस्य: विष्णुप्रसाद पौडेल | ९८४६०५९८४२ |
| सदस्य: प्रकाशलाल श्रेष्ठ | ९८५६०८७७५५ |
| सदस्य: प्रेमबहादुर बि.क | ९८५६०३१३२५ |

### कर्मचारी


| | |
|---|---|
| कार्यालय प्रमुख: | धनुमाया पहारी |
| कार्यालय सहायक: | मायादेवी गुरूङ |



# इँटा उद्योगका मजदूरका दु:खको समाधान खोज्दै सामुदायिक पुस्तकालय



**इँटा उद्योगमा कार्यरत मजदूर तथा दैनिक ज्याला मजदूरी गर्ने मजदूरहरूका समस्या पत्ता लगाएर समाधान गर्ने उद्देश्यले रिड नेपालको सहयोगमा संचालित दुईवटा सामुदायिक पुस्तकालयले आफ्नो क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गरेका छन् ।**



लहान नगरपालिका र सृजना सामुदायिक पुस्तकालय मार्फत लहान नगरपालिका वडा न. ११, १२, १३ र १४ का दैनिक ज्याला मजदुरी तथा इट्टा उद्योगमा कार्यरत मजदुरहरू लक्षित कार्यक्रमका लागि

**संयुक्त प्रतिवद्धता-पत्र २०७९**

व्यवहारिक सामुदायिक समाधान कार्यक्रम दैनिक ज्याला मजदुरी तथा इट्टा उद्योगमा कार्यरत मजदुरहरु लक्षित कार्यक्रम हो । यो कार्यक्रम ह्युमिनि युनाइटेडको सहयोगमा रिड ग्लोवल मार्फत रिड नेपाल र सृजना सामुदायिक पुस्तकालयद्धारा समुदायमा कार्यान्वयन गरिएको हो । यो कार्यक्रम सन् २०२० देखी २०२२ सम्म संचलन भइरहेको छ । मानव केन्द्रित डिजाईन अवधारण अनुसार दैनिक ज्याला मजदुरी तथा इट्टा उद्योगमा कार्यरत मजदुरहरुको अवस्था बारे अनुसन्धान गरी समुदायको समस्या तथा आवश्यकता वमोजिम परियोजना बनाई समुदायमा कार्यान्वयन गरिएको हो । यस कार्यक्रममा समन्वय तथा साझेदारी सामुदायिक पुस्तकालय, स्थानीय सरकार, संघ संस्था, इट्टा उद्योग तथा समुहहरुसंग निकै बलियो रहेको छ । यस प्रतिवद्धता पत्रमा उल्लेखित ११ वटा बुँदा तथा विषयहरुमा केन्द्रित भई कार्यक्रम संचालन गरिएको र हाल सम्म निकै राम्रो उपलब्धि प्राप्त भएको छ तर परिवर्तनलाई दिगो बनाउन तथा समुदायको बृहत परिवर्तन गर्न तल उल्लेखित ११ वटा बुँदा तथा विषयहरुमा केन्द्रित भई कार्यक्रम संचालन गर्नु पर्ने निश्कर्ष सहित यस प्रतिवद्धता पत्र जारी गरिएको छ ।।

१) नागरिकता नहुने परिवारका लागि पैरवी गर्ने तथा तत्कालिन समस्या समाधानमा सिफारीस प्रदान गर्ने ।
२) आफ्नै जग्गा तथा घर नहुनेहरुका लागि आवश्यक सहजिकरण तथा स्थानीय सरकारको अधिकार भित्र रही आवश्यक सहयोग गर्ने ।
३) जीविकोपार्जन, सिप, उद्यमशिलता तालिम तथा रोजगारी सृजनाका कार्यक्रमहरु संचालन गर्ने ।
४) अभिभावक तथा बालबालिकाको शिक्षामा सहयोग पुऱ्याउने ।
५) बालबालिकाको पोषण, घरधुरी तथा समुदायमा सरसफाई कार्यक्रमहरु संचालन गर्ने ।
६) मानविय सहयोग तथा आपतकालिन राहत प्रदान गर्ने ।
७) युवा सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने ।
८) सामुदायिक समुह वचत तथा ऋण कार्यक्रम संचालनमा सहयोग गर्दै सहकारी स्थापनामा सहयोग गर्ने ।
९) सूचना र ज्ञान प्रदानमा पहुँच पुऱ्याउने ।
१०) सरकार तथा सरोकारवालाहरुसंग पहुँच पुऱ्याउने ।
११) परिवार र समुदायमा मेलमिलाप तथा एकतामा अभिबृद्धिका क्रियाकलाप संचालन गर्ने ।

लहान नगरपालिका (सिरहा)

श्री सृजना सामुदायिक पुस्तकालय पड़रिया वास्टोल (सिरहा)

धन्यवाद !


सिर्जना सामुदायिक पुस्तकालय सिरहामा आयोजित सामुदायिक कार्यशालाका सहभागी । इन्सेटमा लहान नगरपालिका र पुस्तकालय बीचको संयुक्त प्रतिबद्धता पत्र ।

व्यावहारिक सामुदायिक समाधान कार्यक्रम दैनिक ज्याला मजदुरी तथा इँटा उद्योगमा कार्यरत मजदूर लक्षित कार्यक्रम हो । यो कार्यक्रम ह्युमिनिटी युनाइटेडको सहयोगमा रिड ग्लोबल मार्फत रिड नेपालले अगुवाइ गरेको छ ।

मानव केन्द्रित डिजाइन पद्धतिबाट इँटा उद्योगमा कार्यरत मजदूर तथा दैनिक ज्याला मजदुरी गर्ने मजदूरहरूका समस्या पत्ता लगाउन र समस्याको समाधान हुने योजना बनाई कार्यान्वयन गर्ने कार्यको अगुवाइ सामुदायिक पुस्तकालयहरूले गर्दै आएका छन् । सृजना सामुदायिक पुस्तकालय सिरहा र लहान नगरपालिका तथा जहदा सामुदायिक पुस्तकालय नवलपरासी र बर्दघाट नगरपालिकाको सेवा क्षेत्रमा यो कार्यक्रम संचालित छ । कार्यक्रम संचालनका लागि स्थानीयस्तरमा १२ वटा समूह, चारवटा सामुदायिक समूह समन्वय समिति, दुईवटा परियोजना कार्यान्वयन उपसमिति तथा दुईवटा ज्ञान व्यवस्थापन समिति सहितको संरचना निर्माण गरिएको छ । दुवै पुस्तकालयको सेवा क्षेत्रका १८३ घरपरिवार सहभागी यो कार्यक्रम सन् २०२० देखि २०२२ सम्म संचालन भएको थियो । सामुदायिक पुस्तकालय, स्थानीय सरकार, संघसंस्था, इँटा उद्योग तथा समूहसँग यस कार्यक्रमको निकै बलियो सम्बन्ध रहेको छ ।

वर्षको ६ महिना सिजनमा इँटा उद्योगमा काम गर्ने र बाँकी ६ महिना कामविहीन हुनुपर्ने, बहुसंख्यक परिवारमा एक जनाको मजदूरीले सम्पूर्ण परिवार निर्भर रहेको, परिवारमा आवश्यक खर्च गर्न अभाव हुने, बचत गर्ने बानी नरहेको, आर्थिक अभाव भई ऋण लिनुपर्ने तथा ऋणको भार बढ्दै जाँदा थप



बर्दघाट नगरपालिका र जहदा सामुदायिक पुस्तकालय मार्फत बर्दघाट नगरपालिका (वडा नं.१२) का दैनिक ज्याला मजदुरी तथा इट्टा उद्योगमा कार्यरत मजदुरहरु लक्षित कार्यक्रमका लागि

संयुक्त प्रतिवद्धता-पत्र

२०७९

व्यवहारिक सामुदायिक समाधान कार्यक्रम दैनिक ज्याला मजदुरी तथा इट्टा उद्योगमा कार्यरत मजदुरहरु लक्षित कार्यक्रम हो । यो कार्यक्रम ह्युमिनि युनाइटेडको सहयोगमा रिड ग्लोवल मार्फत रिड नेपाल र जहदा सामुदायिक पुस्तकालयद्वारा समुदायमा कार्यान्वयन गरिएको हो । यो कार्यक्रम सन् २०२० देखी २०२२ सम्म संचलन भइरहेको छ । मानव केन्द्रित डिजाईन अवधारण अनुसार दैनिक ज्याला मजदुरी तथा इट्टा उद्योगमा कार्यरत मजदुरहरुको अवस्थाबारे अनुसन्धान गरी समुदायको समस्या तथा आवश्यकता वमोजिम परियोजना बनाई समुदायमा कार्यान्वयन गरिएको हो । यस कार्यक्रममा समन्वय तथा साझेदारी सामुदायिक पुस्तकालय, स्थानीय सरकार, संघ संस्था, इट्टा उद्योग तथा समूहहरु संग निकै बलियो रहेको छ । यस प्रतिवद्धता पत्रमा उल्लेखित ११ वटा बुँदा तथा विषयहरुमा केन्द्रित भई कार्यक्रम संचालन गरिएको र हाल सम्म निकै राम्रो उपलब्धि प्राप्त भएको छ तर परिवर्तनलाई दिगो बनाउन तथा समुदायको बृहत परिवर्तन गर्न तल उल्लेखित ११ वटा बुँदा तथा विषयहरुमा केन्द्रित भई कार्यक्रम संचालनगर्नु पर्ने निश्कर्ष सहित यस प्रतिवद्धता पत्रजारी गरिएको छ ।

१) नागरिकता नहुने परिवारका लागि पैरवी गर्ने तथा तत्कालिन समस्या समाधानमा सिफारीस प्रदान गर्ने ।
२) आफ्नै जग्गातथा घर नहुनेहरुकालागि आवश्यक सहजिकरण तथा स्थानीय सरकारको अधिकार भित्र रही आवश्यक सहयोग गर्ने ।
३) जीविकोपार्जन, सिप, उद्यमशिलता तालिम तथा रोजगारी सृजनाका कार्यक्रमहरु संचालन गर्ने ।
[illegible]) अभिभावक तथा बालबालिकाको शिक्षामा सहयोग पुर्‍याउने ।
[illegible]) बालबालिकाको पोषण, घरधुरी तथा समुदायमा सरसफाई कार्यक्रमहरु संचालन गर्ने ।
[illegible]) मानविय सहयोग तथा आपतकालिन राहत प्रदान गर्ने ।
[illegible]) युवा सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने ।
[illegible]) सामुदायिक समुह बचत तथा ऋण कार्यक्रम संचालनमा सहयोग गर्दै सहकारी स्थापनामा सहयोग गर्ने ।
[illegible]) सूचना र ज्ञान प्रदानमा पहुँच पुर्‍याउने ।
[illegible]) सरकार तथा सरोकारवालाहरुसंग पहुँच पुर्‍याउने ।
[illegible]) परिवार र समुदायमा मेलमिलाप तथा एकतामा अभिवृद्धिका क्रियाकलाप संचालन गर्ने ।

बर्दघाट नगरपालिका
नवलपरासी (ब.सु.प.)

जहदा सामुदायिक पुस्तकालय नवलपरासीमा आयोजित सामुदायिक ईंटा उद्योगमा सामुदायिक कार्यशाला तथा सामूहिक भोज कार्यक्रमका सहभागी। इन्सेटमा बर्दघाट नगरपालिका र पुस्तकालय बीचको संयुक्त प्रतिबद्धता पत्र ।

गरीबीको असर पर्ने अध्ययनले देखाएको छ ।

यति मात्र नभई अभिभावकको नागरिकता नभई कतिपय बालबालिका पढ्नबाट वञ्चित भएको पाइएको छ । आर्थिक अवस्थाका कारण बालबालिकाको शिक्षामा आवश्यक लगानी गर्न समेत अभिभावकलाई कठिन भएको पाइएको छ । उनीहरूमा तालिम, रोजगारी, सूचना तथा अन्य अवसरको पहुँच कम भएको पनि अध्ययनले देखाएको छ ।

यस कार्यक्रम अन्तर्गत समूह बैठक, बालबालिकाको शिक्षामा घुम्ती सिकाइ केन्द्र तथा बाखापालन सम्बन्धी कार्यक्रम संचालनमा छ । दुईवटा घुम्ती सिकाइ केन्द्रमा ६४ जना बालबालिकाले अध्ययन गरिरहेका छन् । जीविकोपार्जन कार्यक्रम अन्तर्गत हालसम्म १७ घरलाई २/२ वटाको दरले बाखा वितरण गरिएको छ । नगरपालिका मार्फत ती बाखाको बीमा गरिएको छ । नगरपालिका, पशु कार्यालय, शिक्षा इकाइ, वडा कार्यालय तथा विभिन्न सहकारीसँग समन्वय गरी कार्यक्रम संचालन गरिएको छ ।

यस कार्यक्रम अन्तर्गत मजदूरहरूको आर्थिक अवस्था सुधार गर्न १२ वटा समूहमा बचत तथा ऋण कार्यक्रम, उद्यमशीलता तालिम, वित्तीय व्यवस्थापन तालिम, जीविकोपार्जन तालिम तथा व्यवसाय छनोट गरेका ८२ घरपरिवारलाई व्यवसाय शुरूआतको सहयोग गरेको छ । अतिविपन्न परिवारका १०१ जनालाई मानवीय सहयोग, समूहको क्षमता विकास, अन्तरक्रिया, आवश्यकता बमोजिम कृषि तथा बाखापालनका लागि बाखा वितरण, साना पसल, कुखुरापालन, सिलाई-कटाई, भैंसीपालन, ड्राइभिङ, इलेक्ट्रोनिक्स तालिम जस्ता आयआर्जनमा सहयोग गरिएको छ । यसैगरी कृषि तथा पशुपालनमा परेका समस्यामा प्राविधिकहरूमार्फत समस्या समाधान गर्न अन्तरक्रियाहरू संचालन गर्दै आएको छ । पुस्तकालय मार्फत ईंटा उद्योगमा कार्यरत तथा दैनिक ज्याला मजदुरी गर्ने मजदूर घरपरिवारका समस्या पत्ता लगाउने, मजदूरसँगै बसेर योजना बनाउने र समस्या समाधान गर्ने कार्यक्रम दिगो रूपमा संचालन गर्न सके मजदूर घरपरिवारको जीवनमा समृद्धि ल्याउन सकिन्छ भन्ने अध्ययनले देखाएको छ ।

नियमित विद्यालय नजाने तथा जाने, जन्म दर्ता नभई विद्यालय भर्ना नभएका बालबालिकाका लागि सृजना सामुदायिक पुस्तकालयमार्फत दुईवटा घुम्ती सिकाइ केन्द्र र जहदा सामुदायिक पुस्तकालयमार्फत एउटा घुम्ती सिकाइ केन्द्र संचालन गरी ९० भन्दा बढी बालबालिकाका लागि पठन तथा शैक्षिक क्रियाकलाप संचालन गरिएको छ । अभिभावकहरूका लागि समेत आधारभूत साक्षरता कक्षा संचालन गरिएको र दुवै पुस्तकालयमा गरी ४६ जना अध्ययनरत छन् । सामुदायिक तथा घरपरिवार सरसफाइ अन्तर्गत सरसफाइ अभियानहरू संचालन गर्दै आइएको छ भने महिनावारी सरसफाइ सम्बन्धी अभिमुखीकरण कार्यक्रम पनि संचालन गरिएको छ ।

मजदूरहरू, ईंटा उद्योग, सरकारी निकाय तथा स्थानीय संघसंस्थाहरूसँग सम्बन्ध तथा पहुँच अभिवृद्धि गर्न ईंटा उद्योगहरूमा सामुदायिक कार्यशाला गरिएको छ । कार्यशालाको आयोजना जहदा सामुदायिक पुस्तकालय र बर्दघाट नगरपालिका तथा सृजना सामुदायिक पुस्तकालय र लहान नगरपालिकाले गरेका थिए । यस कार्यशालामा नगरपालिकाका प्रमुख र पुस्तकालयका अध्यक्षले मजदूरहरू लक्षित विभिन्न क्रियाकलापका ११ बुँदे प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन् ।

नागरिकता तथा जग्गा नभएका मजदूरहरूबीचमा सम्बन्धित निकायका जिल्ला प्रशासन कार्यालय तथा नगरपालिकासँगको अन्तरक्रिया गरिएको छ । आपतकालीन अवस्था तथा जोखिममा रहेका मजदूर परिवारका लागि यो कार्यक्रमले मानवीय सहयोग समेत गर्दै आएको छ । समुदायका कार्यक्रमहरू सजिलोसँग र नेतृत्व विकास गर्न युवा नेतृत्व उपसमिति गठन गरी नेतृत्व विकास, युवा सशक्तीकरणका क्रियाकलाप गर्दै आएको छ । यसैगरी युवालाई लागूपदार्थ दुर्व्यसनबाट बच्न अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।

पहिलो चरणको कार्यक्रम २०७८ पुसमा सम्पन्न भएपछि हाल दोस्रो चरणको कार्यक्रम भइरहेको छ ।■





# पढ्ने बानी बसाल्न गाउँमै सार्वजनिक पुस्तकालय

पुस्तक पढे ज्ञान बढ्ने तथ्य त सबैलाई थाहै छ । एउटै पुस्तकभित्र धेरै ज्ञानको भण्डार रहेकाले मानिसले त्यो प्राप्त गर्न सक्दछ । यो थाहा भए पनि पुस्तक पढ्ने चासो भने थोरैले मात्र लिएको पाइन्छ ।

अहिले मानिसहरू फुर्सदको समयमा गफ गर्ने, सामाजिक सञ्जालमा व्यस्त रहने गर्दछन् तर पुस्तक पढ्ने समयको व्यवस्थापन भने कमै मात्रले गर्दछन् । यसरी मानिसमा पुस्तक पढ्ने बानीमा कमी आएको देखिएको छ । हिजोआज त झन् सूचना प्रविधिको विकासका कारण पुस्तक किन्ने मानिसको सत्या पनि घट्दै गएको देखिन्छ ।

त्यसैले सर्वसाधारणमा पुस्तक पढ्ने बानीको विकास गरी ज्ञान बढाउन सजिलो होस् भन्ने उद्देश्यले पाल्पाको सदरमुकाम तानसेनभन्दा बाहिर रामपुरमा सञ्चालनमा ल्याइएको छ, विद्यामन्दिर सार्वजनिक पुस्तकालय ।

सामाजिक क्षेत्रमा काम गर्ने उद्देश्यका साथ २०७५ सालमा स्थापना भएको कालीगण्डकी फाउन्डेसन नेपालद्वारा विद्यामन्दिर सार्वजनिक पुस्तकालय स्थापना गरेपछि हिजोआज फुर्सदको समय निकालेर पुस्तक पढ्न जाने पाठकहरू बढ्दै गएका छन् ।

दिउँसो फुर्सदको समय पुस्तकालयमा आएर बेला-बेलामा पढ्ने गरेको समीक्षा पोखरेल बताउँछन् । शहीद बहुमुखी क्याम्पस रामपुरमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत उनी आफ्नो औपचारिक शिक्षासँग सम्बन्धित मात्र नभई जीवनोपयोगी हुने ज्ञानवर्द्धक पाठ्यपुस्तक पुस्तकालयमा बसेर पढ्ने गर्छन् ।

'यहाँ हामीले खोजेका सबैजसो पुस्तकहरू उपलब्ध छन्, निःशुल्क पढ्ने व्यवस्था छ, समयसामयिक पुस्तकहरू पाइने हुँदा बजारमा पुस्तक खोज्न धाउनु परेन, विद्यार्थीलाई पाठ्यपुस्तकसँग सम्बन्धित पुस्तक उपलब्ध भएपछि धेरै सजिलो भएको छ', उनले भने ।

समयानुकूल प्रकाशित पुस्तक उपलब्ध हुने भएपछि पुस्तक किन्ने साटो यहीँ आएर पढ्ने गर्दछन् । शहीद बहुमुखी क्याम्पस स्नातक तह दोस्रो वर्षमा

अध्ययनरत केशरी ढेंगा यहाँ पुस्तकालय खुलेपछि नयाँ र ज्ञानवर्द्धक, अति लोपोन्मुख खालका पुस्तकहरू पढ्ने अवसर मिलेकामा खुसी छन् ।

ल्याब टेक्निसियनको अध्ययन पूरा गरेकी सपना थापा सबै क्षेत्रको पुस्तक एकै ठाउँमा पढ्न पाउँदा पाठकलाई अध्ययनमा रूचि बढ्दै गएको बताउँछन् । यस पुस्तकालयमा पहिलो पटक अवलोकन गर्न आएकी उनी सदरमुकाम बाहिर आफूले सोचेभन्दा धेरै राम्रो र व्यवस्थित पुस्तकालय पाएको अनुभव सुनाए ।

पुस्तकालयमा विभिन्न विषयका करिब छ हजार पुस्तक राखिएको छ । किसानदेखि उद्योगपतिसम्मका तथा चारवेद, अठार पुराणका पुस्तक यहाँ उपलब्ध छन् । संस्कृत्, अङ्ग्रेजी र हिन्दी भाषाको डिजिटल गीता (४७२ पृष्ठ) पुस्तक पनि यहाँ उपलब्ध छ ।

कृषिजन्य, धार्मिक, दर्शनशास्त्र, इतिहास, विभिन्न राजनीति विवेचना र इतिहास, नेपाली साहित्य, कूटनीतिक सम्बन्धका साथै नर्सरी देखि १२ कक्षासम्मका सामुदायिक र संस्थागत विद्यालयमा पढाइ हुने पुस्तक, अङ्ग्रेजी र नेपाली शब्दकोश, बालबालिकालाई लक्षित बालकथा, स्वास्थ्यसम्बन्धी, घरेलु उद्यमी, सामान्य ज्ञान लगायतका विभिन्न क्षेत्रसँग सम्बन्धित पुस्तकहरू यस पुस्तकालयमा अध्ययन गर्न पाइन्छ ।

नेपाली राजनीतिको पञ्चायत स्मारिका समेतका प्रकाशनहरू पनि यहाँ संरक्षण गरी राखिएको छ । सो पुस्तकमा विसं २०१७ देखि २०४२ सम्मका सरकारी योजनाका विवरण समेटिएको छ । यी पाठ्यसामग्रीहरू दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव केन्द्रीय समन्वय समितिद्वारा प्रकाशन गरिएको हो ।

धार्मिक पुस्तकतर्फ श्री शिव महापुराण, श्रीमद्दे वी भागवत महापुराण, ब्रह्मपुराणम्, रामायण, श्री स्वस्थानी व्रतकथा, असली आठकाण्ड रामायण, श्रीराम चरित्रमानस, श्री विष्णु महापुराण लगायतका छन् ।

सबैले अध्ययन गर्न पाउने गरी पुस्तक पढ्ने व्यवस्थाको थालनीले ग्रामीण भेगमा पछिल्लो समय पुस्तकालयको प्रभाव बढेको कालीगण्डकी फाउन्डेसन नेपालका अध्यक्ष नीलकण्ठ भण्डारी बताउँछन्। लोपोन्मुख अवस्थामा रहेका पुस्तकहरू संकलन गरी राखिएकाले यसप्रति धेरैको आकर्षण बढ्दै गएको हुँदा ई-लाइब्रेरी स्थापना गर्ने संस्थाको योजना रहेको अध्यक्ष भण्डारीले बताए ।

दैनिक बिहान १० देखि साँझ ४ बजेसम्म एकजना कर्मचारी व्यवस्थापन गरी पुस्तकालय सञ्चालन गरिएको छ । पुस्तकालयमा बसेर अध्ययन गर्न नभ्याउने पाठकले नाम दर्ता गराएर एक हप्तासम्म घरमै लगेर पुस्तक पढ्ने व्यवस्था छ ।

त्यसकारण पनि विभिन्न सङ्घसंस्था, कार्यालय, पेसा, व्यवसायमा आबद्ध व्यक्तिले घरमा फुर्सदको समय निकालेर पुस्तक लगेर पढ्ने गरेको पाइएको छ । दुई वर्षको अवधिमा करिब तीन हजार बढीले पुस्तकालयको अवलोकन गरेको पाइएको छ ।

विद्यालय बिदाको समयमा एक दिनमा एक सयभन्दा बढी पुस्तकालयमा आउने गरेको कर्मचारी धनमाया खरू बताउँछन् । विद्यार्थीले मात्र नभई अन्य क्षेत्रमा आबद्ध, विभिन्न उमेर समूहका व्यक्तिको पुस्तक अध्ययनमा रूचि बढ्दै गएको छ ।

बढ्दो सूचना सञ्चार प्रविधिको प्रयोगले पुस्तक पढ्ने, खोजी गर्ने बानी पाठकमा कम हुँदै गएकाले पुस्तक नियमित पढ्ने बानी बसाल्न पुस्तकालय सञ्चालनमा ल्याइएको कालीगण्डकी फाउन्डेसन नेपालका सल्लाहकार सन्दीप राना बताउँछन् ।

'पुस्तकालयमा कृषिकर्म गर्ने प्रविधि, उद्यमी कसरी बन्ने, राजनैतिक सामाजिक क्षेत्रमा नेतृत्व देखिका मानिसको जीवनमा दैनिक उपयोगी हुने खालका पुस्तकहरू पढ्ने व्यवस्था छ', उनले भने, 'स्नातकोत्तर तहसम्मका विद्यार्थीले सोधपत्र तयार पार्न सक्ने खालका पुस्तकहरू हामीले उपलब्ध गराएका छौँ ।'

यस पुस्तकालयलाई नेपालकै नमुना बनाउने सोचका साथ निकट भविष्यमा हरियाली बगैँचा, फूलबारी, खुल्ला चउरमा प्रकृतिको रमणीय वातावरणमा बसेर पढ्न मिल्ने खालको संरचना बनाउने योजना रहेको उनी बताउँछन् ।

अन्तर्राष्ट्रिय विपी चिन्तन प्रतिष्ठानका अध्यक्षसमेत रहेका रानाले अहिले भाडाको घरमा पुस्तकालय सञ्चालन गरे पनि यसलाई स्तरोन्नति गरी समयानुकूलको प्रविधिको उच्चतम प्रयोग गर्दै पाठकमा नयाँ आयाम ल्याउने सोचका साथ पुस्तक पढ्न स्थानीयस्तरका मात्र नभई बाहिरी जिल्लाबाट पाठक भित्रिने वातावरण तयार पार्ने बताएका छन् ।

'पाठकलाई मध्यनजर गर्दै चिया खाजाका लागि क्याफे खोल्ने, क्याफेमा बसेर पढ्न मिल्ने वातावरण बनाउने, पुस्तक पढ्न आउने वातावरण राम्रो बनाउन सकियो भने पाठकको आकर्षण बढ्नेछ", रानाले भने । नेपालका ७७ वटै जिल्लामा खुल्ला अवधारणाका रूपमा सार्वजनिक पुस्तकालय स्थापना गर्ने प्रेरणा दिनका लागि सार्वजनिक पुस्तकालयको अवधारणा ल्याइएको उनको भनाइ छ । ■

*- रासस*

# सामुदायिक पुस्तकालय
# आवश्यकता, महत्त्व र चुनौती

स्थानीय जनतालाई शिक्षित बनाई योग्य र सक्षम नागरिक तयार गर्ने तथा पठनपाठनमा आम नागरिकको अभिरुचि जगाएर उनीहरूलाई शिक्षित बनाई देशको सर्वाङ्गीण विकासमा सहयोग गर्नु सामुदायिक पुस्तकालयको प्रमुख उद्देश्य हो ।



■ एकराज शर्मा

स्थानीय जनतालाई शिक्षित बनाई योग्य र सक्षम नागरिक तयार गर्ने तथा पठनपाठनमा आम नागरिकको अभिरूचि जगाएर उनीहरूलाई शिक्षित बनाई देशको सर्वाङ्गीण विकासमा सहयोग गर्नु सामुदायिक पुस्तकालयको प्रमुख उद्देश्य हो ।

अंग्रेजी भाषाको Library शब्द ल्याटिन भाषाको Liber बाट आएको हो । जसको अर्थ पुस्तक हुन्छ । यो शब्दको प्रयोग हुँदै जाँदा इनसाइक्लोपेडिया ब्रिटेनीका अनुसार पुस्तकालय भनेर नामकरण गरिदै आएको हो । पुस्तकालय नेपाली भाषाका दुई शब्द पुस्तक र आलयबाट बनेको हो । पुस्तक भनेको पढ्ने तथा पढाउने खालको भाव भएको ज्ञान तथा विज्ञानका कुराहरू लेखिएको वा छापिएको ठेली हो । जसलाई ज्ञानको ग्रन्थ पनि भनिन्छ । आलय भनेको घर, बास, स्थान, गृह, महल हो । समग्रमा इच्छुक व्यक्तिलाई पढ्ने सुविधा प्रदान गर्ने व्यवस्थित रूपमा राखिएको घर, ठाउँ, पुस्तक वा शान्त कोठालाई पुस्तकालय भनिन्छ । जसलाई पुस्तक गृह, पुस्तक सदन र पुस्तक महल पनि भनिन्छ ।

आधुनिक समयमा पुस्तकालयलाई सूचनाकेन्द्र पनि भनिन्छ । यस्तो केन्द्रमा पाठकको चाहना बमोजिम विभिन्न प्रकाशनका पुस्तकको व्यवस्था, संकलन गरी सम्प्रेषण गरिएका सङ्कलित पुस्तक राखिएको हुन्छ । जसलाई विद्वांसो हि देवाः अथवा विद्वानका विचार, दार्शनिक सोच तथा लेखकका कृतिहरू औपचारिक रूपमा संग्रह तथा व्यवस्थापन गरी प्रयोगकर्ताको आवश्यकतालाई मध्यनजर गर्दै ज्ञान-विज्ञानको प्रचारप्रसार गर्ने काम पुस्तकालयको हो ।

## ऐतिहासिक पृष्ठभूमि

ज्ञान सामग्रीको अमूल्य निधि पुस्तकालय मानव सभ्यताको चित्र संग्रह पनि हो । पुस्तकालय बौद्धिक निर्माणको आधारशिला हो । सभ्यता तथा संस्कृतिको अमूल्य सम्पत्ति हो । कुनै पनि देशको कला, संस्कृति, शिक्षा, विकास र ज्ञानको पवित्र भण्डार हो पुस्तकालय । यसको इतिहास केलाउँदा अनौपचारिक रूपमा मानिसले आफ्ना ज्ञानगुनका कुराहरू माटो, छाला तथा काठका टुक्रामा लेखेर विहार, गुम्बा, मठ, मन्दिरमा राखेर तयार गर्ने गरेतापनि एसिरियाका राजा अस्युरवानीपालले ई.पू. ६२६ अगाडि स्थापना गरेको निनेभ पुस्तकालयलाई विश्वको पहिलो पुस्तकालय मानिएको छ । त्यसैगरी ई.पू. ३२३ अगाडि इजिप्टका राजा टोलेमीले स्थापना गरेको अलेक्जेन्ड्रियन पुस्तकालय, रोमको सिसेरोको निजी पुस्तकालयको विकास भएको पाइन्छ । सन् १४४० मा जर्मनीका जोहन गुटवर्गले वाइन प्रेसलाई प्रिन्टिङ प्रेसमा रूपान्तरण गरेर सोही प्रेसबाट पहिलो पटक ३०० थान बाइबल प्रकाशित गरेको इतिहास छ । फ्रान्सको विब्लिओथेक नेसनाले सन् १४४६ मा रोमको भेटिकल पुस्तकालय, सन् १७१४ मा रसियाको लेनिनग्रेड पुस्तकालय, सन् १७५६ मा बेलायतको

ब्रिटिश म्युजियम, सन् १८०० मा अमेरिकाको लाइब्रेरी अफ कङ्ग्रेस जस्ता पुस्तकालयको स्थापना भएको पाइन्छ ।

नेपालको सन्दर्भमा हेर्दा महावीर पुस्तकालय, बुटवल वि.सं २००४, सार्वजनिक विद्या भवन पुस्तकालय, धरान २००४, आदर्श पुस्तकालय, विराटनगर २००४, प्रदीप्त पुस्तकालय, काठमाडौं २००४, मदन पुरस्कार पुस्तकालय, काठमाडौं २०१२, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं २०१३, त्रिवि केन्द्रीय पुस्तकालय, २०१६, केशर पुस्तकालय, २०२६, डिल्लीरमण कल्याण रेग्मी स्मारक पुस्तकालय, २०५८, सोसल साइन्स बहा, २०५८, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय, २०६१ छन् । यही सेरोफेरोमा २०५८ मा ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र कोहलपुरको स्थापना भएको पाइन्छ ।

एसिरियाका राजा अस्युरवानीपालले ई.पू. ६३६ अगाडि स्थापना गरेको **निनेभ पुस्तकालय**लाई विश्वको पहिलो पुस्तकालय मानिएको छ । ई.पू. ३२३ अगाडि इजिप्टका राजा टोलेमीले स्थापना गरेको **अलेकजेन्ड्रियन पुस्तकालय**, रोमको सिसेरोको निजी पुस्तकालयको विकास भएको पाइन्छ । फ्रान्सको विब्लिओथेक नेसनाले सन् १४४६ मा रोमको **भेटिकल पुस्तकालय**, सन् १७१४ मा रसियाको लेनिनग्रेड पुस्तकालय, सन् १७५६ मा बेलायतको ब्रिटिश म्युजियम, सन् १८०० मा अमेरिकाको **लाइब्रेरी अफ कङ्ग्रेस** जस्ता पुस्तकालयको स्थापना भएको पाइन्छ ।

## अवधारणा र आवश्यकता

सामुदायिक पुस्तकालय जीवनपर्यन्त सिक्ने शैक्षिक संस्था हो । जसलाई सामुदायिक विकासको केन्द्र पनि भनिन्छ । स्वनिर्भर शैक्षिक संस्थाका रूपमा रहेका त्यस्ता पुस्तकालयहरू समुदायको स्वामित्वमा स्थापना गरी समुदायले नै अपनत्व लिएर व्यवस्थित बनाइएका हुन्छन् । जसले समुदायका शैक्षिक तथा प्राज्ञिक आवश्यकता पूर्ति गरी समुदायलाई शिक्षाको माध्यमबाट सुसज्जित बनाउनुका साथै समुदायका आवश्यकतालाई पनि पूरा गर्दछ । यस्ता पुस्तकालयले शैक्षिक प्रवर्द्धन, समाजको आर्थिक तथा सामाजिक विकासका लागि समुदायलाई फरक खालको ज्ञान, सीप प्रदान गर्दै आधुनिक समाज निर्माणमा योगदान गरेको हुन्छ ।

पछिल्लो समय पुस्तकालयले प्राविधिक ज्ञान प्रदान गर्न, समुदायमा सचेतना फैलाउने ज्ञान तथा सीप सिकाउन, सचेतनामूलक कार्यक्रममार्फत सूचना प्रदान गर्न, कृषकका लागि प्राविधिक तालिम, ज्ञान र सीपको विकास, विपद् व्यवस्थापन, जलवायु परिवर्तनले पार्ने प्रभावको जानकारी दिन, मानव बेचबिखन विरूद्धका कार्यक्रम सञ्चालन गर्न, वैदेशिक रोजगारीमा जान चाहनेलाई सुरक्षित तरिकाबाट विदेश जाने, वैदेशिक रोजगारीमा दुःख पाएर फर्केका व्यक्ति तथा परिवारका लागि लक्षित गरी कार्यक्रम गर्दै आएका छन् । यसैगरी; विभिन्न धर्म, संस्कृति, रीतिरिवाज, भाषाभाषी, भेषभुषाको संरक्षण तथा संवर्द्धन गर्न, समाजका विभिन्न संस्कृतिको संग्रहालय निर्माण गरी यसको आवश्यकताबारे जानकारी गराउन पनि सामुदायिक पुस्तकालय आवश्यक हुन्छ । समाजका सदस्यहरू जम्मा भएर पत्रपत्रिका पढ्ने, भलाकुसारी गर्ने तथा स्थानीय स्तरका सूचना पाउने साझा ठाउँ सामुदायिक पुस्तकालय नै हुन् । जसले समाजमा भाइचाराको सम्बन्ध स्थापित गर्दै आएका छन् ।

सामुदायिक पुस्तकालयले स्थानीय तहमा शिक्षित बनाई योग्य नागरिक तयार गर्ने, आम नागरिकलाई पठनपाठन कार्यमा अभिरूचि सिर्जना गर्ने र आम नागरिकलाई शिक्षित बनाई देशको सर्वाङ्गीण विकासमा सहयोग गरेका हुन्छन् । स्थानीयको माग र आवश्यकता अनुसारका सामग्री संकलन गर्ने, स्थानीय नागरिकलाई शिक्षित बनाउनका लागि विभिन्न सामाजिक तथा सांस्कृतिक क्रियाकलाप गर्ने, आम पाठकलाई अभिरूचि सिर्जना गर्न कथा, कविता, वादविवाद, सिनेमा, पुस्तक प्रदर्शनी लगायतका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने, सांस्कृतिक महत्वका सामग्री संकलन गरी संरक्षण गर्ने र अनौपचारिक शिक्षाका साथै घुम्ती पुस्तकालय सञ्चालनमा पनि सामुदायिक पुस्तकालयले अगुवाइ गरेका छन् ।

## भौतिक संरचना तथा आधार

पुस्तकको सुविधा, पाठक संख्या र आगमन,



## सामुदायिक पुस्तकालयका प्राथमिक क्षेत्र




पुस्तकालय सञ्चालनका लागि कर्मचारी, पुस्तकालय भवन तथा अध्ययन कक्ष (पठनकक्ष, बाल कक्ष, महिला कक्ष, वृद्धवृद्धा कक्ष, मन्टेसरी कक्ष, खेल तथा मनोरञ्जन कक्ष, कर्मचारी कक्ष, पुस्तकालय कार्यसमिति कक्ष र अपाङ्गता कक्ष, महिला कक्ष, कम्प्युटर कक्ष, युवा कक्ष, ज्येष्ठ नागरिक कक्ष तथा श्रव्यदृश्य कक्ष) सभाहल पुस्तकालयका पूर्वाधार हुन् । पुस्तकालयमा पाठकका लागि आवश्यक पुस्तक हुनुपर्छ । पुस्तकालयले सूचना सेवा, अध्ययन सेवा, डकुमेन्ट सेवा र अन्तरपुस्तकालय सापटी सेवा दिन सक्ने हुनुपर्दछ । नेपालमा राष्ट्रिय पुस्तकालय, सार्वजनिक वा सामुदायिक पुस्तकालय, विद्यालय तथा विश्वविद्यालयका पुस्तकालय र विशिष्ट पुस्तकालय छन् ।

भौतिक संरचनाको चर्चा गर्दा पुस्तकालय जहिले पनि पाँच सिद्धान्तमा आधारित हुनुपर्दछ । पुस्तकालय भवन साधारण, मितव्ययी, लचकदार, उपयोगी, प्रकार्यात्मक र मनमोहक हुनुपर्दछ । पाठकको आवश्यकताको आधारमा फर्निचरको प्रबन्ध हुनुपर्दछ । पुस्तक र्‍याक एकतर्फी खुला, ६ फिट १० इन्च उचाइ, ३ फिट चौडाइ, ११ इन्च गहिराइ हुनुपर्छ । पुस्तकालयमा पुस्तक लेनदेन गर्ने, अध्ययन स्थलमा पत्रपत्रिका राख्ने, सन्दर्भ सामग्री राख्ने, इमेल तथा इन्टरनेट प्रयोग गर्ने ठाउँका साथै खेल तथा मनोरञ्जन कक्ष पनि हुनुपर्छ । कर्मचारीको पारिश्रमिक कम्तीमा सरकारी सेवा-सुविधा सरह हुनुपर्छ । पुस्तकालयका कर्मचारीमा इमानदारी, मिठासपन, सहयोगी, संस्थागत जिम्मेवारी वहन गर्न सक्ने र अरूको भावनाको कदर गर्ने गुण हुनुपर्छ । पुस्तकालय समितिमा शिक्षा सेवा र बाह्य सेवासँग प्रतिष्ठित व्यक्ति, पेशाप्रति प्रतिष्ठित ज्ञाता, सेवा प्रदान गर्न सक्ने व्यक्ति, सबैले स्वीकार्न सक्ने व्यक्ति, विज्ञान तथा प्रविधिको ज्ञान भएको योग्य एवम् क्षमतावान व्यक्ति हुनुपर्दछ ।

### सञ्चालन समिति

पुस्तकालय विशुद्ध शैक्षिक संस्था भएकाले शिक्षासँग सम्बन्धित व्यक्तिहरू हुनुपर्छ । समुदायका विविध समस्या बुझेको, शैक्षिक अनुभव तथा अनुसन्धानमूलक कार्यमा संलग्न भई समुदायका विविध समस्या केलाएको र पुस्तकालयप्रतिको ज्ञान राम्रोसँग बुझेको व्यक्ति व्यवस्थापन समितिमा आवश्यक हुन्छ । जसले समाजमा विश्वास दिलाउन सकोस् ।

पुस्तकालय व्यवस्थापन समितिका अध्यक्षको शैक्षिक योग्यता स्नातकोत्तर वा कम्तीमा स्नातक हुनुपर्दछ । यसैगरी, अन्य पदाधिकारी कम्तीमा प्रमाणपत्र तहको हुनुपर्दछ । सदस्यहरूको हकमा पनि कम्तीमा एसएलसी हुनुपर्दछ । समितिका सदस्यहरू महिनामा कम्तीमा एक पटक पुस्तकालयका लागि समय दिनसक्ने हुनुपर्छ । पुस्तकालयमा स्थानीय एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिका, विभिन्न अनुसन्धानमूलक जनरल आवश्यक हुन्छ । स्थानीय सरकार, प्रादेशिक सरकार तथा संघीय सरकारसँग समन्वय गर्न सक्ने त्यस्तो नेतृत्वले पुस्तकालयका विविध समस्या निराकरण गर्न बजेटको व्यवस्था गर्न सकोस् । पछिल्लो समय कतिपय पुस्तकालय व्यवस्थापन समिति राजनीतिक दलका अखडा भएका छन् । राजनीति गर्ने थलो बन्न जाँदा पुस्तकालयप्रतिको विश्वास घट्दै गएको सन्दर्भमा विश्वसनीयताका लागि प्राज्ञिक व्यक्तिको संलग्नता आवश्यक भएको हो ।

### सामुदायिक पुस्तकालयको महत्व

पछिल्लो समय शिक्षण संस्थाहरूमा पुस्तकालय अनिवार्य भएको छ । जस अनुसार विद्यालय र विश्वविद्यालय तहमा सामुदायिक तवरबाट पुस्तकालयको स्थापना गरिएको छ । शिक्षण संस्थाका पुस्तकालयमा पाठ्यक्रममा आधारित र सन्दर्भ सामग्रीका पुस्तक राखिएको हुन्छ भने सामुदायिक पुस्तकालयमा राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरका, साहित्यिक, स्थानीय कला-संस्कृति, धर्म-परम्परा तथा समसामयिक पुस्तकहरू राखिएको हुन्छ । यस्ता पुस्तकले आम पाठकलाई अध्ययनमा सहज बनाएको छ । बाहिर नपाउने पुस्तकहरू पनि

पुस्तकालयमा पाइने भएकाले यसको विशेष महत्व भएको हो । पुस्तकालय साझा थलो भएकोले त्यहाँ कुनै पनि आधारमा कसैमाथि विभेद हुनुहुँदैन । समाजमा पछिपरेका व्यक्ति, पिछडिएका समुदायका सदस्यहरूलाई आयआर्जन गराउने खालको सूक्ष्म सीपहरू प्रदान गर्ने खालका कार्यक्रम सञ्चालन गरी समाजलाई व्यवस्थित गर्नका लागि पनि सामुदायिक पुस्तकालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले पुस्तकालयलाई सूचना केन्द्र पनि भनिन्छ । जहाँबाट सर्वसाधारणले नि:शुल्क ज्ञान पाउँछन् ।

## सामुदायिक पुस्तकालयका चुनौती

सामुदायिक पुस्तकालयले विविध खाले समस्या भोग्दै आएका छन् । सबैभन्दा मुख्य समस्या भनेको आर्थिक नै हो । सरकारी सहयोग पाउन नसक्दा सामुदायिक पुस्तकालयले अनेक समस्या झेल्दै आएका छन् । सामुदायिक पुस्तकालयका चुनौती निम्नानुसार छन् :

- भौतिक संरचना तथा भौतिक सुविधामा चुनौती ।
- अगाङ्गतामैत्री भवन नहुनु ।
- पाठकको रोजाइ अनुसारका पुस्तक नहुनु ।
- पर्याप्त पुस्तक नहुनु ।
- कर्मचारीलाई सरकारी सरह सेवा-सुविधा प्रदान गर्न नसक्नु ।
- व्यवस्थापन समिति छनोटमा राजनीति हावी हुनु ।
- योग्य, सक्षम व्यक्तिले नेतृत्वको अवसर नपाउनु ।
- स्थानीय सरकारले सहयोग नगर्नु ।
- सुविधायुक्त ठाउँमा पुस्तकालय नहुनु ।
- विभिन्न कक्षहरूको अभाव ।
- पर्याप्त दक्ष तथा प्राविधिक कर्मचारी नहुनु ।
- समुदायमा निर्भर रहने वातावरण तयार गर्न नसक्नु ।
- राज्यले सामुदायिक पुस्तकालयको प्रवर्द्धनमा चासो नदेखाउनु ।
- आम मानिसमा पुस्तकालयप्रतिको धारणा सकारात्मक नहुनु ।
- पदाधिकारीले समय दिन नसक्नु ।
- ई–लाइब्रेरीका रूपमा विकास नगरिनु ।
- आवश्यकता अनुसारको पुस्तक नराखिनु ।
- पुस्तकालयका समस्याबारे खोज तथा अनुसन्धान नगरिनु ।

## समस्या समाधानका उपाय

सामुदायिक पुस्तकालयमा देखिएका समस्या समाधानका लागि निम्न उपाय अपनाउनुपर्दछ :

- सुविधासम्पन्न अगाङ्गतामैत्री भवन बनाउने ।
- पाठकको रोजाइ अनुसार समसामयिक पुस्तक राख्नुपर्ने ।
- कर्मचारीलाई पर्याप्त सेवा-सुविधा दिनुपर्ने ।
- व्यवस्थापन समितिमा योग्य र सक्षम व्यक्तिलाई अवसर दिनु ।
- स्थानीय सरकारले सहयोग गर्ने वातावरण तयार गर्नु ।
- पाठक संख्या वृद्धि गरी सुविधायुक्त स्थानमा पुस्तकालय हुनुपर्ने ।
- पुस्तकालयमा विभिन्न कक्ष निर्माण गर्नुपर्ने ।
- स्थायी आम्दानीको स्रोतको पहिचान गरी आत्मनिर्भर बनाउनुपर्ने ।
- पुस्तकालयका समस्याबारे सम्बन्धित निकायबाट खोज तथा अनुसन्धान गरिनुपर्ने ।

## निष्कर्ष

नेपालमा राष्ट्रिय, सार्वजनिक वा सामुदायिक, शैक्षिक, विद्यालय तथा विश्वविद्यालय र विशिष्ट पुस्तकालय छन् । त्यसमध्ये सामुदायिक पुस्तकालयले स्थानीय जनतालाई शिक्षित बनाई योग्य र सक्षम नागरिक तयार गर्ने, आम नागरिकलाई पठनपाठनमा अभिरूचि जगाउँदै सत्मार्गमा डोऱ्याउने काम गरेको हुन्छ । नागरिकलाई शिक्षित बनाई देशको सर्वाङ्गीण विकासमा सहयोग गर्नु सामुदायिक पुस्तकालयको अर्को उद्देश्य हो ।

त्यसका लागि विभिन्न सामाजिक तथा सांस्कृतिक क्रियाकलाप गर्ने, आम पाठकमा अभिरूचि सिर्जना गर्ने कथा, कविता, वादविवाद, सिनेमा, पुस्तक प्रदर्शनी लगायतका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने, सांस्कृतिक महत्वका सामग्री संकलन गरी संरक्षण गर्ने र अनौपचारिक शिक्षाका साथै घुम्ती पुस्तकालय सञ्चालन गर्नेपर्दछ ।

समुदायमा मात्र निर्भर रहने वातावरण अन्त्य गर्न स्थायी आम्दानीको स्रोतको पहिचान गर्नुपर्छ । गैरसरकारी निकायको निर्भर हटाई आत्मनिर्भर हुने वातावरण तयार गर्नेपर्दछ । देशैभरिका सामुदायिक पुस्तकालयमा आर्थिक, भौतिकलगायत कर्मचारीको दक्षता अभिवृद्धि सम्बन्धी तालिम, समुदायमा आधारित कार्यक्रम संचालन तथा लक्षित वर्गका लागि कार्यक्रम संचालन गरी पुस्तकालयको स्तरोन्नतिमा रिड नेपालले महत्वपूर्ण भूमिका निर्वाह गरेकाले सामुदायिक पुस्तकालयका आवश्यकता, महत्व र चुनौती पहिचान गरी त्यसको हल गर्न मद्दत पुगेको छ । ■

*(मध्यपश्चिम विश्वविद्यालय वागेश्वरी बहुमुखी क्याम्पस कोहलपुरका उप-प्राध्यापक शर्मा ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, कोहलपुरका सचिव हुन् ।)*

### नेपालको सन्दर्भमा

वि.सं २००४
- महावीर पुस्तकालय, बुटवल
- सार्वजनिक विद्या भवन पुस्तकालय, धरान
- आदर्श पुस्तकालय, विराटनगर
- प्रदीप्त पुस्तकालय, काठमाडौं

२०१२
- मदन पुरस्कार पुस्तकालय, काठमाडौं

२०१३
- नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं

२०१६
- त्रिवि केन्द्रीय पुस्तकालय

२०२६
- केशर पुस्तकालय

२०५८
- डिल्लीरमण कल्याण रेग्मी स्मारक पुस्तकालय
- सोसल साइन्स बहा,
- ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र कोहलपुर

२०६१
- काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय

# सामुदायिक पुस्तकालयमा अपांगता समावेशी विपद् जोखिम न्यूनीकरण प्रवर्धन कार्यक्रम

## अप्रिल २०२१ – अप्रिल २०२२

**रिड नेपालको सहयोगमा संचालित सामुदायिक पुस्तकालयमा शुरु गरिएको अपांगता समावेशी विपद् जोखिम न्यूनीकरण कार्यक्रमबाट स्थानीयवासी लाभान्वित भएका छन् ।**

नेपालमा २०७२ सालको महाभूकम्प लगत्तै रिड नेपालसँग साझेदारी गर्दै आएको एएसबी जर्मनीको आर्थिक सहयोग तथा स्थानीय साझेदार पुस्तकालयहरू गर्दी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र  चितवन, देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र दाङ, गौरीशंकर सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र दोलखा र जनजागरण सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र नुवाकोटसँगको साझेदारीमा अप्रिल २०२१ देखि अप्रिल २०२२ सम्म संचालित नेपालमा अपांगता समावेशी विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन परियोजना सफलता पूर्वक सम्पन्न भएको छ ।

परियोजना अन्तर्गत भूकम्प, बाढी, आगलागी जस्ता विपद् जोखिमलाई ध्यानमा राखेर समुदाय तथा विद्यालयहरूको संकटासन्नता पहिचान गरिएको छ । यसका साथै तिनको क्षमता मूल्यांकन गरी प्रतिकार्य योजना निर्माण र कृत्रिम घटना अभ्यास, घरधुरी पूर्वतयारी योजना निर्माण, कोभिड–१९ लगायत पानीजन्य रोगहरूको रोकथामको लागि समुदाय तथा विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन जस्ता कार्यक्रम सम्पन्न भएका हुन् ।

यसैगरी ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूको लागि निःशुल्क स्वास्थ्य शिविर, मनोसामाजिक परामर्श तालिम, अति विपन्न, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र सीमान्तकृत समुदायका व्यक्तिहरूलाई आवश्यकतामा आधारित ह्वीलचेयर, बैसाखी, न्यानो लुगा जस्ता सहयोग उपलब्ध गराइएको थियो । समुदायस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि गाउँपालिका, वडा र समुदायस्तरीय विपद् तथा जलवायु उत्थानशील समितिसँग सहकार्य गर्ने, खोज, उद्धार र प्राथमिक उपचारको तालिम प्रदान गरी विपद् प्रतिकार्यका लागि युवादस्ता तयार गर्ने काम समेत सपन्न भएको छ । विपद् जोखिम न्यूनीकरण सचेतना प्रतिकार्य पूर्वतयारी अन्तर्गत युवा दस्तामा सहभागी ३० जनालाई प्राथमिक उपचार, खोज तथा उद्धार तालिम दिइएको छ । अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकको सामाजिक सुरक्षामा पहुँच पुऱ्याउन सरोकारवाला (अपांगता भएका व्यक्तिहरूको संगठन, नागरिक समाज, ज्येष्ठ नागरिक मञ्च, समुदायका सदस्यहरू) सँग सहकार्य गरी यस विषयमा छलफल र सचेतनाका कार्यक्रम भएका छन् । उनीहरूको हक–अधिकारका लागि स्थानीय सरकारसँग सहकार्य पनि भएका छन् । त्यस्तै विपन्न, सीमान्तकृत तथा अपांगता भएका व्यक्तिहरूको आयआर्जन वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्न सहयोग गर्ने हेतुले आधारभूत उद्यमशीलता र व्यापार योजनाबारे प्रशिक्षण, सीप विकास तालिम र उद्यमशीलता शुरू गर्नका लागि वस्तुगत सहयोग पनि गरिएको थियो ।



जनजागरण सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र नुवाकोटमा अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य शिविरबाट तीन सय जनाभन्दा बढी लाभान्वित भएका छन् ।

विशेषगरी अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिक (बढी जोखिम समूह) लक्षित उक्त परियोजनामार्फत संचालित विभिन्न कार्यक्रमबाट १८ हजार १५६ जना लाभान्वित भएका छन् । लाभान्वितमध्ये ४९ प्रतिशत पुरूष र ५१ प्रतिशत महिला छन् । लाभान्वितमा अपांगता भएका ३ प्रतिशत र ज्येष्ठ नागरिकको संख्या ७ प्रतिशत रहेको छ । ■

# सुदृढ जोखिम व्यवस्थापन तथा समावेशी आर्थिक सामाजिक विकास मार्फत समुदायको उत्थानशीलता अभिवृद्धि परियोजना

## २०२२ जुलाई देखि डिसेम्बर २०२४



चितवनः अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूलाई घरदैलोमा पुगेर स्वास्थ्य सेवा दिँदै स्वास्थ्यकर्मी ।



दोलखाः जीविकोपार्जन तालीम अन्तर्गत क्रिष्टलका गहना बनाउने तालीमका सहभागी ।

एएसबी जर्मनीसँगको साझेदारी र संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय जर्मनीको आर्थिक सहयोग तथा स्थानीय साझेदार पुस्तकालयहरू गर्दी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र चितवन, फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र नवलपुर, देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र दाङ, बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र बर्दिया, गौरीशंकर सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र दोलखा, जनजागरण सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र नुवाकोटसँगको साझेदारीमा सुदृढ जोखिम व्यवस्थापन तथा समावेशी आर्थिक सामाजिक विकास मार्फत समुदायको उत्थानशीलता अभिवृद्धि परियोजना संचालन भइरहेको छ । विशेषगरी अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक र सीमान्तकृत जनसंख्या वा समूहलक्षित यो परियोजना सन २०२२ जुलाईदेखि डिसेम्बर २०२४ सम्म संचालन हुने यस परियोजनाबाट करिब ३६०० घरधुरी लाभान्वित हुने लक्ष्य लिइएको छ ।


## यस परियोजना अन्तर्गत संचालित मुख्य कार्यक्रम

- पुस्तकालय व्यवस्थापन समिति तथा कर्मचारीहरूलाई परियोजनामा मानव केन्द्रित विकास अवधारणालाई मूलप्रवाहीकरण गर्ने सम्बन्धी कार्यशाला गोष्ठी ।
- लक्षित समूहलाई उपयुक्त व्यवसायको पहिचान, छनोट र योजनाका लागि तीनदिने आधारभूत उद्यमशीलता तालिम ।
- लक्षित समूहको जीविकोपार्जन तथा व्यावसायिक सीप विकास सम्बन्धी तीनदिने तालिम ।
- लक्षित समूहलाई व्यवसाय व्यवस्थापनको लागि आधारभूत वित्तीय साक्षरता सम्बन्धी एकदिने तालिम ।
- लक्षित समूहबाट छनोट भएका सक्रिय, जागरूक, मिहिनेती, आर्थिक रूपले विपन्न र उत्कृष्ट सहभागी ५ जनालाई व्यवसाय शुरुवात तथा स्थापनाको लागि सहयोग ।
- अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिको सहयोगी (लक्षित समूह) लाई वित्तीय संस्थाहरूसँग पहुँच विस्तारको लागि स्थानीय बचत समूह, सहकारी र वित्तीय संस्थाहरूसँग समन्वय गोष्ठी ।
- लक्षित समूहले छनोट गरेका व्यवसायको दिगोपना र उचित व्यवस्थापनको लागि विषयगत प्राविधिक विज्ञहरूबाट समुदायमा नै नियमित प्राविधिक सल्लाह र सहयोग प्रदान गर्ने । उक्त सहयोग व्यक्तिगत वा समूहमा गर्ने ।
- यस परियोजनाको लागि थप गरिएको नयाँ पुस्तकालयहरू बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र र फूलवारी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रमा परियोजना कार्यक्षेत्रको जलवायु उत्थानशील परिदृश्य/अवस्थाको लेखाजोखा गरी सुधारका लागि सुझावसहित प्रतिवेदन तयार गर्ने ।
- यस परियोजनाको लागि थप गरिएको नयाँ पुस्तकालयहरू बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र र फूलबारी सामुदायिक पुस्तकालय

तथा स्रोत केन्द्रमा पुस्तकालयमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको अवस्थाको बारेमा प्राविधिक लेखा परीक्षण र सुधारात्मक कार्य ।

- सामुदायिक विद्यालयका शिक्षकहरूलाई खानेपानी सरसफाइ तथा स्वच्छता र अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण सम्बन्धी तीन दिने प्रशिक्षक प्रशिक्षण तालिम ।
- विद्यायल तथा समुदायमा स्वच्छता प्रवर्द्धन (प्रशिक्षक प्रशिक्षण तालिम, क्यासकटिङ, सहकर्मी शिक्षण)
- प्रशिक्षित शिक्षकहरूद्वारा सोही विद्यालयका विद्यार्थीलाई खानेपानी सरसफाइ तथा स्वच्छता र अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम ।
- युवाहरूलाई खानेपानी सरसफाइ तथा स्वच्छता र अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण सम्बन्धी तीनदिने प्रशिक्षक प्रशिक्षण तालिम ।
- प्रशिक्षित युवाहरूद्वारा समुदायमा विपद् जोखिम, सुरक्षित व्यवहार र जोखिम संवेदनशील जीविकोपार्जन, स्वास्थ्य/महामारी जोखिमहरूलाई ध्यानमा राखेर अभिमुखीकरण पश्चात सोही सहभागीहरूको घरधुरी स्तरीय विपद् पूर्वतयारी योजना निर्माण गर्ने ।
- स्थानीयस्तरमा भएको जोखिमको विश्लेषण/संकटासन्नता र क्षमता विश्लेषण रिपोर्ट (अद्यावधिक/विकास) तयार गरी स्थानीय सरकारबाट अनुमोदन ।
- विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशील सम्बन्धित सरोकारवालाहरू (जस्तैः स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, वार्ड स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति, अपाङ्गता भएका व्यक्तिहरूको संगठन, नेपाल रेडक्रस सोसाइटी तथा नागरिक समाज आदिलाई समावेशी विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील सम्बन्धी तालिम ।
- विपद् जोखिम प्रतिकार्यको लागि स्थानीय सरकारको समन्वयमा स्थानीय प्रतिकार्य समूहलाई प्राथमिक उपचार, खोज तथा उद्धार सम्बन्धी आधारभूत तालिम ।
- अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण तथा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी जनचेतना अभिवृद्धिको लागि विद्यालय तथा पुस्तकालय प्रयोगकर्ताहरू बीच चित्रकला, गीत, निबन्ध आदि मार्फत सृजनात्मक गतिविधि सञ्चालन ।
- परियोजनाको कर्मचारी तथा पुस्तकालय व्यवस्थापन समितिलाई आर्थिक व्यवस्थापनसम्बन्धी तालिम
- परियोजनाको कर्मचारी तथा पुस्तकालय व्यवस्थापन समितिलाई परियोजना सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धि तालिम
- परियोजनाको प्रारम्भिक सर्वेक्षण
- वडास्तरीय सरोकारवालाहरूसँग परियोजना प्रगतिको समीक्षा बैठक
- परियोजना कार्यक्षेत्रको जलवायु उत्थानशील परिदृश्य/अवस्थाको लेखाजोखा गरी सुधारका लागि सुझाव सहित प्रतिवेदन तयार गर्ने पुस्तकालयमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको अवस्थाको बारेमा प्राविधिक लेखा परीक्षण र सुधारात्मक कार्य
- यस परियोजनाको लागि थप गरिएको नयाँ पुस्तकालयहरू बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र र फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा विपद् व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी स्रोत कक्षको स्थापना गर्ने ।

# अपांगता भएका बालबालिकाका लागि पहुँचयुक्त पाठ्यसामग्री तयार






युनेस्कोको सहयोगमा रिड नेपाल लगायतका संस्थाहरूले अपांगता भएका बालबालिकाका लागि पहुँचयुक्त पाठ्यसामग्री तयार पारेको छ ।

ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालले अपांगता भएका बालबालिकाका लागि लक्षित गरी पहुँचयुक्त पाठ्यसामग्री निर्माण गरेको छ ।

युनेस्को बैंकको सहयोगमा रिड ग्लोबल, रिड नेपाल, आडा नेपाल र बाल साहित्य समाजको सहकार्यमा बालबालिकाका लागि पहुँचयुक्त पाठ्यसामग्री निर्माण गरेको हो । यो परियोजना अन्तर्गत ग्लोबल डिजिटल लाइब्रेरी प्लेटफर्ममा राखिएका किताबमध्ये १०० किताबलाई नेपाली भाषामा रूपान्तरण गरी त्यसको अडियो तयार पारिएको छ । जुन पाठ्यसामग्री विशेषगरी आँखा नदेख्नेहरूका लागि तयार पारिएको हो । यसरी तयार पारिएको पाठ्यसामग्री झुवानी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र चितवनमा प्रयोगमा ल्याइएको छ । जुन सामग्रीलाई शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा स्वीकृति दिइसकेको छ । ■

# सामुदायिक विकासका लागि

# सामुदायिक पुस्तकालय




**सामुदायिक जनचेतनाका लागि**

**रिड सञ्चार अभियान**